# प्रहरी दर्पण
# POLICE MIRROR

२०५४ 1997













## माननीय गृहमन्त्रीज्यूको सन्देश

श्री ५ बडामहारानी सरकारको ४९औं शुभजन्मोत्सवको सुखद अवसरमा मौसुफ सरकारको सुस्वास्थ्य, दीर्घायु एवं अटल सौभाग्यको लागि हार्दिक शुभकामना चढाउँदछु । प्रहरीको वहुमुखी र चुनौतीपूर्ण दायित्वलाई समयानुकूल जनमुखी, प्रभावकारी र क्षमतायुक्त बनाउने दिशामा नेपाल प्रहरीबाट भैरहेको प्रयासहरूले सकारात्मक प्रभावहरू देखाएका छन् । जनउत्तरदायी प्रहरी सेवाको निर्माणमा यी प्रभावहरूले परिसूचकको झलक दिएको मैले महसुस गरेको छु ।

प्रहरी सेवा र संगठनको विकासको सांगठनिक मार्गदर्शनको घोषित दस्तावेज एवं वार्षिक गतिविधिको सचित्र संग्रहको रुपमा प्रकाशित प्रहरी दर्पणको यस श्रृंखलाको प्रकाशन सफलताको कामना गर्न पाउँदा मलाई खुसी लागेको छ ।

बुद्धिमान तामाङ्ग
गृह मन्त्री

## Message From The Home Minister

On the occasion of the 49th auspicious Birthday of ***Her Majesty the Queen,*** I wish to extend my best wishes for Her Majesty's good health, long life and best fortune. The efforts initiated by Nepal Police to make the multi-dimensional and challenging responsibility of police timely and people-oriented, effective and efficient have shown positive impacts. I feel that these impacts are the index of building a police service which is responsible to the people.

I am happy to express my best wishes for the success of **'Police Mirror'** as the picture book of declared document of organisational guidelines for the development of Nepal Police organisation and its annual activities.

**Buddhiman Tamang**
**Home Minister**



## माननीय गृह राज्यमन्त्रीज्यूको सन्देश

श्री ५ बडामहारानी सरकारको ४९औं शुभजन्मोत्सवको पुनित अवसरमा सदा झैं यस बर्ष पनि नेपाल प्रहरीले आफ्नो बार्षिक प्रकाशन 'प्रहरी दर्पण' प्रकाशित गर्न लागेकोमा मलाई खुशी लागेको छ । अधिराज्यका प्रहरी लगायत सर्वसाधारणमा नेपाल प्रहरीको बार्षिक कृयाकलापको बारेमा अवगत गराउनुका साथै विदेशमा समेत नेपाल प्रहरीको छवि उजागर गर्न नेपाल प्रहरीको तर्फबाट भएको यस प्रयासको सराहना गर्दै यस प्रकाशनको सफलताको कामना गर्दछु ।

बिष्णुविक्रम थापा
गृह राज्यमन्त्री

## Message From The State Home Minister

I am delighted to know about the publication of the annual Police Mirror, as usual, on the auspicious occasion of ***Her Majesty the Queen***'s 49th birthday. I would like to appreciate this effort of making entire people of the nation including police personnel informed about the year round police activites and improving the image of Nepal Police at the international level.

**Bishnu Bikram Thapa**
**State Home Minister**



## गृह सचिवज्यूको सन्देश

नेपाल प्रहरीले आफ्नो वर्षभरिको गतिविधिको झलक दिने 'प्रहरी दर्पण' हरेक वर्ष झैं यस वर्ष पनि श्री ५ बडामहारानी सरकारको शुभजन्मोत्सवका अवसरमा प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ ।

यस किसिमको प्रकाशनले नेपाल प्रहरीमा निडरताका साथ आफ्नो कर्तव्यमा अडिग भई राष्ट्र सेवा गर्न अझ प्रेरणा प्रदान गर्नेछ भन्ने विश्वासका साथ यसको निरन्तरताको लागि कामना गर्दछु ।

रेवतीरमण पोखरेल
गृह सचिव

## The Home Secretary's Message

I am happy to note that Nepal Police is going to publish **'Police Mirror'** as in the past to provide the glimpse of its activities round the year on the occasion of the auspicious birthday of ***Her Majesty the Queen.***

As I am confident that this type of publication will further inspire Nepal Police to serve the country fearlessly and with unflinching faith in their duty, I wish for its continuity.

**Rewatiraman Pokharel**
**Home Secretary**



## प्रहरी महानिरीक्षकज्युको सन्देश

श्री ५ बडा महारानी ऐश्वर्यराज्य लक्ष्मी देवी शाह सरकारको ४९ औं शुभ-जन्मोत्सवको पावन उपलक्ष्यमा मौसूफ सरकारका जुनाफमा नेपाल प्रहरीको समस्त अधिकृत तथा जवानहरुको तर्फबाट सुस्वास्थ्य, दीर्घायु एवं अटल सौभाग्यका लागि सद्भक्तिपूर्वक हार्दिक मंगलमय शुभकामना चढाउँदछु ।

राष्ट्को सर्वाङ्गिण विकासका लागि अत्यन्त महत्वपूर्ण पूर्वाधारका रुपमा रहेको शान्ति सुव्यवस्थालाई सुदृढ गरी मुलुकभित्र अमनचयन कायम गर्ने गहन अभिभारा बहन गर्दै जनतामा सुरक्षाको पूर्ण प्रत्याभूतिका साथ सहअस्तित्व एवं कानूनी राज्यको मान्यता स्थापित गराउने दिशामा नेपाल प्रहरी आफ्नो स्थापना कालदेखि नै पूर्णतया समर्पित रही आएको छ ।

मुलुकको वर्तमान राजनैतिक, सामाजिक एवं आर्थिक अवस्थाले जन्माएको विविध सम-विषम परिस्थितिहरुसँग प्रत्यक्ष जम्काभेट गरी समाजमा विद्यमान विभिन्न अपराध, विकृति-विसंगतिको निराकरण गर्नु र दैवी वा मानवीय कारणबाट पर्नसक्ने आपत-विपतमा पूर्ण क्षमतामा सेवा र टेवा पुर्‍याउनमा कटिवद्ध र हेर बहुदलीय प्रजातान्त्रिक, संसदीय शासन प्रणाली ग्राही मुलुकको संविधानको मर्म बमोजिम यस संगठनका प्रत्येक जिम्मेवार सदस्य जनआकांक्षा अनुरुप सेवाभिमुखी प्रहरीका रुपमा स्थापित हुन प्रतिवद्ध रहेका छन् । यस दिशामा हाम्रा प्रयासका सही प्रतिविम्व सार्वभौमसत्तासम्पन्न नेपाली जनताका व्यवहारबाट परावर्तन हुने कुरामा विश्वस्त रही आफ्ना वास्तविक छावि निखार्न सदा प्रयासरत रहनु परेको छ ।

झण्डै डेढ दशकको समयदेखि गौरवमय परम्पराका रुपमा राजमहिषी श्री ५ बडा महारानी सरकारको शुभजन्मोत्सवमा समर्पित हुने विविध पेशागत गतिविधीहरु र सांगठनिक विकास विस्तारका अभिलेखहरुलाई चित्रमय स्वरुपमा संग्रह गरी नेपाल प्रहरीको वार्षिक मूखपत्रका रुपमा प्रकाशन गरिने प्रहरी दर्पण २०५४ विगतमा झैं यस वर्ष पनि आफ्नो उद्देश्य अनुरुप सम्पूर्णताका साथ मुखरित होओस् भन्ने कामना गर्दै यस पत्रिकाको प्रकाशनार्थ आआफ्ना तर्फबाट सहयोग पुर्‍याउने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रहरी महानिरीक्षक
ध्रुव बहादुर प्रधान

## Message From The Inspector General of Police

On the auspicious occasion of the 49th Birthday of ***Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah***, I wish to extend my loyal, heartfelt best wishes for Her Majesty's good health, long life and good fortune on behalf of all the police personnel of Nepal Police.

While consolidating peace and order in the country, which are the extremely vital preconditions for the all round development of a nation, and bearing this important responsibility of maintaining law and order in the country, Nepal Police, since its inception, has fully dedicated itself to the direction of establishing the concept of co-existence and rule of law by guaranting the utmost security to the people.

Every responsible member of this organisation has been committed to prove himself as the service-oriented police, to meet the aspirations of the people in accordance with the purpose of the constitution of a country which has the multi-party, democratic and parliamentary system of government by directly confronting with various normal and extreme situations created by the existing political, social and economic conditions of the country, controlling crimes and aberrations and being committed to provide service and support in full capacity during natural and man-made calamities. We should be confident that the true reflections of our efforts in this direction will be reflected in the behaviour of the sovereign Nepalis people and we must continue in our endeavour to improve our true image.

The **'Police Mirror 1997'** is being published as the annual mouthpiece of Nepal Police for nearly one and a half decades in accordance with the glorious tradition of presenting various professional activities and articles, associated with organisational development and expansion, dedicated to the auspicious occasion of ***Her Majesty the Queen***'s birthday in a picturesque manner. Expressing my best wishes that the Police Mirror be fully successful in its expression in conformity with its objectives, I wish to extend my hearty thanks to all those who contributed for the publication of this magazine from their respective positions.

**Inspector General of Police**
**Dhruba Bahadur Pradhan**



*From Left : D.S.P. N. Bastakoti, D.S.P. Sagar Thapaliya, S.S.P. Kishan Singh Gurung, D.S.P. Kuber S. Rana, D.S.P. B.K. Shakya*


सम्पादक मण्डल

प्रधान सम्पादक
प्र.व.उ. किशन सिंह गुरुङ्ग

सम्पादकहरू
प्र.उ. आमोद गुरुङ्ग
प्र.ना.उ. कुवेर राना
प्र.ना.उ. सागर थपलिया
प्र.ना.उ. बालकुमार शाक्य
प्र.ना.उ. नारायण बस्ताकोटी
प्र.ना.उ. देवेन्द्र सुवेदी

तस्विरहरू
प्र.ना.उ. शेरबहादुर कार्की
प्र.ना.नि. कैलाश कार्की
प्र.स.नि. भुवन भट्ट तथा
व्यक्तिगत संकलनबाट

प्रकाशक
प्रहरी दर्पण प्रकाशन समिति
प्रहरी प्रधान कार्यालय

प्रहरी दर्पण
वार्षिक प्रकाशन
दर्ता नं. ०१/०४१

सल्लाहकार मण्डल
प्र.अ.म.नि. प्रदीपशमशेर ज.ब.रा.
प्र.अ.म.नि. कृष्णमोहन श्रेष्ठ
प्र.अ.म.नि. रामकाजी बान्तवा
प्र.अ.म.नि. ढालमान थापा

**Advisory Board**
A.I.G.P. Pradip Samsher J.B.R.
A.I.G.P. Krishna Mohan Shrestha
A.I.G.P. Ram Kajee Bantawa
A.I.G.P. Dhal Man Thapa

**Editorial Board**

**Chief Editor**
S.S.P. Kishan Singh Gurung

**Editors**
S.P. Amod Gurung
Dy.S.P. Kuber Rana
Dy.S.P. Sagar Thapaliya
Dy.S.P. Bal Kumar Shakya
Dy.S.P. Narayan Bastakoti
Dy.S.P. Devendra Subedi

**Photographs**
Photo-Bank of Nepal Police
Photography Section
Police Headquarters

**Publisher**
Police Mirror Publication Board
Police Headquarters

**Police Mirror**
An Annual Publication
Regd. No. 01/041

# सम्पादकीय

नेपाल प्रहरी राष्ट्रमा देखापर्ने विभिन्न उतारचढाव तथा परिस्थितिको बाबजुद आफ्नो उद्देश्यका लागि निरन्तर रूपमा क्रियाशील रहँदै आएको छ। समाजमा कानुन र व्यवस्थाको प्रभावकारी अवस्थाको लागि समर्पित प्रहरीले परिवर्तित सन्दर्भहरू र जनाकांक्षाअनुरुप आफ्ना हरेक लक्ष्यहरू जनाभिमुखी ढङ्गमा निर्धारण गर्दै आएको छ।

अपराधको नियन्त्रण र अनुसन्धानको साङ्गोपाङ्गो अवस्थालाई तुलनात्मक. रूपले आंकलन गर्ने हो भने अन्य राष्ट्रको तुलनामा नेपाल प्रहरीको सक्षमता सन्तोषजनक रूपमा रहेको छ। तर पनि प्रहरी व्यावसायिकता र सक्षमताका क्षेत्रहरूमा नेपाल प्रहरी उत्कृष्टता हासिल गर्न प्रयत्नरत रहेको छ। प्रहरी बल, प्रहरी सेवा, पूर्व क्रियात्मक शैली र प्रतिक्रियात्मक तदारुकताबीचको समुचित र खास सन्तुलनमा मात्र प्रहरी दायित्वको प्रभावकारितालाई स्थापित गर्न सकिन्छ र त्यसबाट नै अपेक्षित 'न्यायिक प्रहरी'को उच्चतम लक्ष्य हासिल गर्न सकिने तथ्यप्रति नेपाल प्रहरी सदैव सजग रहेको छ। सेवा वितरणका लागि सक्षम प्रणाली, कार्यसम्पादनका लागि उपयुक्त अवस्था तथा क्षमता एवं प्रभावकारी प्रशासकीय बन्दोबस्तलाई सुनिश्चित गर्न नेपाल प्रहरी संगठनले सुदृढीकरण र विकासका ठोस पहलहरू गरिरहेको छ। यस परिप्रेक्ष्यमा संगठनको दिशाबोध, लक्ष्य, गतिविधि र संगठनको वार्षिक क्रियाकलाप एवं व्यस्तताका अनुभवहरूलाई शब्द र चित्रको संयोजित अभिव्यक्ति यो 'प्रहरी दर्पण-२०५४' मा प्रस्तुत गरिएको छ।

वार्षिक प्रहरी दर्पण प्रकाशनको यो १४औं शृंखलामार्फत् श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ४९औं शुभजन्मोत्सवको यस पुनीत अवसरमा मौसुफको सुस्वास्थ्य, दीर्घायु एवं अटल शौभाग्यको मंगलमय शुभकामना चढाउँदछौं। यस अङ्कको प्रकाशनमा सहयोग पुर्‍याउनुहुने सबैमा हार्दिक आभार व्यक्त गर्दै सम्बद्ध सबैबाट आगामी प्रकाशनको लागि उपयोगी सल्लाह, सुझाव एवं मार्गनिर्देशनको अपेक्षा राखेका छौं।

सम्पादन तथा प्रकाशन समिति
प्रहरी दर्पण-२०५४

# EDITORIAL

Nepal Police has been continuously engaged in attaining its objectives in spite of the fact that many vicissitudes and situations mark the country. Dedicated as it is in the changed context and in accordance with people's aspirations for the effective condition of law and order in the society, it has been deciding its goals in a people-oriented manner.

If we want to assess the overall condition of crime control and investigation comparatively, the capability of Nepal Police is continuing its efforts to achieve excellence in the fields of police professionalism and capability. The effectiveness of police responsibility can be established only from the adequate and special balance in police force, police service, proactive style and reactive promptness and Nepal Police is always aware that the desired highest goal of 'Judicial Police' can be accomplished only from this fact. Nepal Police has initiated concrete measures of consolidation and development to ensure capable system for service delivery and appropriate condition, capacity and effective administrative management for job performance. In this context, the organisation's direction, goals, activities and experience of busy schedule has been presented in the **'Police Mirror – 1997'** as a coordinated expression of words and pictures.

Through this 14th Issue in the series of **'Police Mirror'** publication, we wish to extend our best wishes to ***Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah*** for Her Majesty's good health, long life and good fortune on the occasion of Her Majesty's 49th Birthday. Expressing our heart felt gratitude to all those who assisted us for the publication of this issue, we expect useful advice, suggestions and direction ffrom all concerned for the next issue.

**Editorial & Publication Committee**
**POLICE MIRROR - 1997**



# विषय सूची


सांगठनिक मान्यता

दिशाबोध १७

लक्ष्य तथा कार्यक्रमहरू २७

(क) कार्यविभाग र सेवा विशिष्टीकरणको प्रयास २८

(ख) मानव स्रोत विकासका लागि प्रशिक्षण प्रतिष्ठान ३६

(ग) अपराध अनुसन्धान विभाग ४०

(घ) प्रशासन विभागको कार्यनीति तथा कार्यक्रमहरु ४४

रजत महोत्सव संध्या ४९

प्रहरी सेवालाई सुलभ र सरल बनाउने प्रयासमा, उपत्यका प्रहरी ५३

पर्यटक प्रहरी ५५



नेपाल प्रहरीमा सूचना व्यवस्थापन र संचार माध्यम ५८

प्रहरी प्रशिक्षण ६२

प्रहरी दिवस : २०५४ ६४

ट्राफिक व्यवस्थापन ६८

प्रहरी इन्जिनियरहरू: भौतिक पूर्वाधारका नक्सा कोर्दै ७१

प्रहरी खेलकुद ७४

संस्मरण ७९

प्रहरी विशेष कार्यदल र यसको उपादेयता ८०

हाम्रो लक्ष्य : लागूऔषध मुक्तक्षेत्र ८४

प्रहरी परिवार महिला संघ ८६

अन्तर्राष्ट्रिय शान्तिको लागि नेपाल प्रहरी ८७





कम्प्युटर प्रणाली : प्रगति, उपलब्धि र प्राविधिक सबल पक्षहरु ९१

सचित्र समाचार ९३

शुभजन्मोत्सव समारोह १०१

बिटिङ् रिट्रिट : २०५३ १०३

नेपाल प्रहरीको विगत एक वर्ष १०५



# Contents


**Mission Statement**

**Directions** 21

i) **Aims & Objectives** 27

ii) **Operation Department (An Endevour to Quality Service)** 32

iii) **National Police Training Academy for Human Resource Development** 38

iv) **Crime Investigation Department** 42

**Strategy & Programs of Administrative Department** 46

**Silver Jubilee Celebration** 50

**Valley Police** (New Approach of Policing) 53

**Tourist Police** 56

**Information Management & Communication Media in Nepal Police** 59

**Police Training** 62

**Police Day** 64

**Traffic Management** 70

**Engineers** (Preparing Maps of Physical Infrastructure) 71

**Sports** 76

**Memories** 79

**Special Task Force** 81

**Our Goal: Narcotic Drug Free Area** 85

**Police Family Women's Association** 86

**Nepal Police for International Peace** 89

**Computerisation** 92

**Photo Feature** 94

**Auspicious Birthday** 102

**Beating the Retreat** 104

**Calendar of Events** 105






# हाम्रो सांगठनिक मान्यता

मुलुकको बहुदलीय प्रजातान्त्रिक व्यवस्था, संवैधानिक राजतन्त्र, संसदीय शासन प्रणाली एवं कानुनी राज्यको मूल अवधारणाबाट निर्दिष्ट रही राष्ट्रको प्रहरीले कुनै पनि धर्म, वर्ण, लिङ्ग, जात-जाति, वैचारिक आस्था तथा सामाजिक प्रतिष्ठाका आधारमा बिनाभेदभाव शिष्ट, निष्पक्ष, कानूनसम्मत, चिरस्थायी एवं गुणस्तरीय सेवा व्यावसायिक निष्ठापूर्वक जनसमक्ष पुऱ्याओस् भन्ने महत्तम जन-आकांक्षा सार्वभौमसत्तासम्पन्न नेपाली जनताका जन्मसिद्ध अधिकार हुन् भन्ने सर्वोपरि सांगठनिक मान्यतालाई धारण गर्दै नेपाल प्रहरी सदैव जन-चाहना अनुरुप गुणस्तरीय प्रहरी सेवा जनस्तरमा पुऱ्याउन प्रतिबद्ध रहेको छ।

नेपाल प्रहरी

# MISSION STATEMENT

Presuming optimum expectation by sovereign citizens of Nepal as their birth right, Nepal Police is ever committed in offering pious service to the commons without discrimination with regard to any religion, class, gender, ethnicity, ideology or social status with courteousness, impartiality and coherence affirming organizational values functioning under true spirit of multi-party democracy, constitutional monarchy, parliamentary system and the Rule of Law.

Nepal Police

# दिशाबोध



*प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधान*
*I.G.P. Dhruba Bahadur Pradnhan*

नेपाल प्रहरीले अङ्गीकार गरेको सांगठनिक मान्यताको लागि सम्पूर्ण प्रहरी कार्य प्रणालीलाई तदनुरुप संस्थागत रुपमा विकास एवं सुदृढ गर्न नेपाल प्रहरीले निम्न निर्देशक सिद्धान्त (Policy Guidelines) लाई अवलम्बन गर्नेछ :

१) कानूनी राज्यको मान्यतालाई अभिबृद्धि गर्न कानूनसम्मत निष्पक्ष कारवाहीलाई मूल आधार बनाउने ।

२) समाजमा प्रभावकारी अपराध नियन्त्रण तथा अनुसन्धान कार्यद्वारा सार्वभौमसत्ता सम्पन्न नेपाली जनतामा पूर्ण सुरक्षाको प्रत्याभूति गराउने ।

३) कार्यगत श्रेष्ठता र प्रभावकारिताद्वारा आफ्नो व्यावसायिकता प्रमाणित गर्ने ।

४) मानव अधिकार संरक्षण र संवर्द्धनप्रति सजग रही प्रहरी कारवाहीहरुमा न्यूनतम बल प्रयोगको सिद्धान्तलाई अक्षरशः पालना गर्ने ।

५) जन आकांक्षा अनुरुप प्रहरीका आचरण र व्यवहारमा सेवाभाव झल्कने व्यवहार कुशलताको विकास गर्ने ।

६) मौजुदा साधन स्रोतहरुको आधुनिक व्यवस्थापकीय प्रणाली अनुरुप सक्षम र प्रभावकारी परिणाम प्राप्तिका लागि महत्तम परिचालन व्यवस्थापन गर्ने ।

७) प्रहरी कार्यमा जनसहभागिताको प्रबर्द्धन गराउनका साथै प्रहरी बललाई सुसंगठित सेवाका रुपमा प्रतिस्थापित गर्ने ।

प्रभावकारी प्रहरी सेवाको लागि सांगठनिक व्यवस्थापन र प्रहरी जिम्मेवारी निर्वाह प्रकृयालाई सक्षम बनाउने दृष्टिकोणले निम्न पक्षहरु नेपाल प्रहरीको तत्क्षणिक लक्ष्यको रुपमा पहिचान र निर्धारण गरिएका छन् :

१) प्रहरी संगठनको जनतामा पुर्‍याउने गुणात्मक प्रहरी सेवा उत्पादन गर्न प्रहरी सेवाको वितरण प्रणालीको अपेक्षित स्तर (Service Delivery Standards) निर्धारण गरिने ।

२) सबै किसिमका उजुरी, निवेदन तथा सूचनाहरु उपर शीघ्र, उचित र प्रभावकारी प्रहरी प्रतिउत्तर (Police Response) गर्ने परिपाटीको विकास गरी हरहमेशा प्रत्येक फिल्ड इकाईहरुमा सुनुवाईका लागि जिम्मेवार प्रहरी अधिकृत उपलब्ध हुने अवस्थाको ग्यारेन्टी गर्ने ।

३) विभिन्न अपराधहरुबाट पीडितहरुको अवस्था वा प्रकृति हेरी मनोवैज्ञानिक वा अन्य कार्यगत कुन किसिम वा माध्यमबाट राहत पुर्‍याउन सकिने हो त्यस किसिमको सहयोग पीडितलाई पुर्‍याउने परिपाटी (Victim Support System) को विकास गर्ने ।

४) प्रहरी अनुसन्धान, पक्राउ र हिरासतका अवस्थाहरुमा मानव अधिकारको हननप्रति पूर्णतया सजग रहनुका साथै संरक्षण-संबर्द्धनका लागि हिरासत व्यवस्थापन (Custody Suit Management) लाई सतत: व्यवहारमा ल्याउने ।

५) संगठनको कार्य सञ्चालनमा विकेन्द्रीकरणलाई अधिकाधिक व्यवहारमा ल्याउन जिम्मेवारी तथा जवाफदेहीता (Responsibility & Accountability)

को प्रणालीलाई संगठनभित्र निम्नतह (Grass Root Level) का प्रहरी कर्मचारीहरुलाई समेत आ-आफ्नो कर्तव्य र जिम्मेवारीप्रति जवाफदेही बनाउनेतर्फ जोड दिने ।

६) अबका दिनमा प्रहरी कार्य दिशालाई अपराध नियन्त्रण (Crime Control) तर्फ भन्दा बढी अपराध निरोध (Crime Prevention) तर्फ निर्दिष्ट गर्न त्यस कार्यमा अत्यधिक जनसहभागिता अभिबृद्धि गराई क्रियात्मक प्रहरी कार्यशैली (Proactive Policing) लाई व्यवहारमा ल्याउने ।

७) प्रहरीको कार्य सम्पादन पक्षबारे प्रत्येक नेपाली नागरिकहरुले सुसूचित हुन पाउने अधिकारलाई हृदयंगम गरी प्रहरीको कार्य सम्बन्धी सम्पूर्ण जानकारी अधिकारिक रुपमा जनमानसमा प्रवाह गर्ने परिपाटीलाई कार्यान्वयन गरिनेछ ।

उपर्युक्त लक्ष्य प्राप्तिका लागि प्रशासनिक सुदृढीकरण तथा संगठन विकास, प्रहरी कार्य, अपराध व्यवस्थापन एवं सामूहिक कल्याणको मूलभूत पक्षहरुमा नेपाल प्रहरीले निम्न कार्यनीतिहरु अवलम्बन गर्नेछ :

## संगठन विकास तर्फ

१) कार्य विशिष्टता कायम नगरी अपेक्षाकृत कार्यगत प्रभावकारिता हासिल गर्न सकिन्न भन्ने तथ्यलाई हृदयंगम गरी संगठनका समुचा कार्य प्रणालीलाई सेवा विशिष्टीकरणका आधार प्रस्तरमा पूर्णतया स्थापित गर्ने प्रयास गरिएको छ । संगठन भित्रको पूर्व व्यवस्थामा हाल गरिएको कार्य विभागको स्तरबृद्धि, स्वास्थ्य निर्देशनालय, प्राविधिक निर्देशनालय, ट्राफिक निर्देशनालय तथा उपत्यका प्रहरी कार्यालय आदि थप संरचनाहरुको व्यवस्था सेवा विशिष्टीकरणका दिशामा हाम्रा अद्यावधिक पूर्वाधारहरु रहेका छन् ।

# नेपाल प्रहरीको आचार संहिता

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताका पीरमर्का र समस्याको सुनुवाई, तिन उपर तदारुकताका साथ आवश्यक काम कारवाहीमा पहल तथा उचित Councelling र दिशाबोधका अभावमा प्रहरी सेवा सही अर्थमा प्रहरी सेवा नठहर्ने तथ्यबाट निर्दिष्ट रही हाम्रो व्यावसायिक मान्यता अनुरुप हामीले आफ्नो व्यवहारद्वारा आफूलाई हरतरहबाट जनसेवामुखी, सक्षम र दक्ष प्रहरीका रुपमा स्थापित गरी वर्तमान प्रजातान्त्रिक परिवेशमा प्रजातान्त्रिक प्रहरीको कार्यशैलीलाई अंगीकार गर्न नितान्त जरुरी रहेको छ । तसर्थ, नेपाल प्रहरीको सर्वोपरि सांगठनिक मान्यतालाई शिरोधार्य गर्ने प्रत्येक निष्ठावान, योग्य, सक्षम, जनसेवामुखी प्रहरी कर्मचारीले संगठनबाट निर्दिष्ट निम्न आचार संहितालाई अभिवरण गर्ने प्रण गर्नेछन् ।

१) प्रहरी सेवा मुलुकको संविधान, ऐन, कानून, नैतिक दर्शनप्रति पूर्णतया निष्ठावान रहने निहित स्वार्थभन्दा माथि उठेको सर्वथा उपल्लो दर्जाको जनसेवा हो भन्ने पवित्र अवधारणा बाट प्रत्येक प्रहरी कर्मचारी निर्दिष्ट रही कानूनी राज्यको मान्यतालाई अंगीकार गर्ने ।

२) सबै प्रहरी कर्मचारीहरुले कार्य तत्परता, समय पालना, उचित आदरभाव, नियमितता, उच्च अनुशासन तथा आज्ञाकारिताका साथ कर्तव्य पालना गर्नेछन् ।

३) जनताका प्रहरीसंगको सरोकारवाला विषयमा तिनका आफ्नो नैसर्गिक अधिकारमध्ये व्यक्तिगत गोपनियता तथा आत्मसम्मानप्रति प्रहरी कर्मचारीहरु सदैव सजग रहनेछन् ।

४) प्रहरी कर्मचारीहरु सदैव असहाय, निर्धा तथा पीडितका पक्षधर रहनेछन् ।

५) प्रहरी कर्मचारीहरुले कोही कसैको मोलमोलाहिजामा नपरी कुनै व्यक्ति, संघ-संस्था, धर्म र समुदायको पक्षधर नभई सबैलाई निष्पक्ष एवं समान व्यवहार गर्नेछन् ।

६) प्रहरी कर्मचारीहरुले आफूलाई सामाजिक विसंगति र दुराभ्यासबाट नितान्त टाढा राखी एक आदर्श वर्दीधारी नागरिकका रुपमा स्वयंलाई समाजमा स्थापित गर्नेछन् ।

७) प्रत्येक प्रहरी कर्मचारीले राष्ट्रिय सम्पदा र सरकारी सम्पत्तिको हिनामिना, दुरुपयोग र क्षतिलाई हरसंभव प्रयासबाट रोकी संरक्षण गर्नेछन् ।

२) सेवा विशिष्टीकरणलाई प्रभावकारी बनाउन अत्यन्त आवश्यकीय पक्षका रुपमा रहेको सेवा विभाजन र कार्य निर्धारण (Job Description & Specification) लाई आधिकारिक रुपमा शीघ्र प्रकाशमा ल्याई परिष्कृत कार्य प्रणालीको विकास गरिने भएकोछ ।

३) निर्धारित कार्यको जिम्मेवारी निर्धारित अधिकारी, तह वा दर्जाले सम्पादन गराउने क्रममा कार्य प्रकृति र स्त अनुरुप सम्बन्धितलाई उत्तरदायित्व जवाफदेहिता पूर्णतया बहन गराउ प्रणालीको विकास गर्ने कार्यनीति अख्तियार गरिएको छ ।

४) प्रहरी सुधार सुझाव आयोगले सुनिश्चि गरेका प्रहरी संगठनका दीर्घकाली कार्यनीति तथा कार्यक्रमहरुला प्राथमिकता निर्धारण गरी क्रमशः ला गर्दै लगिएको छ ।

५) लक्ष्य प्रदेष्ट व्यवस्थापन प्रणा

(Management by Objective) लाई संगठनको कार्यशैलीका रुपमा विकास गरी तदनुरुप दीर्घकालीन तथा अल्पकालीन लक्ष्य, कार्यनीति, योजना तथा कार्यक्रमहरु तय गरी निर्धारित लक्ष्य प्राप्ति गर्ने परिपाटीको थालनी गरिएको छ।

६) मानव संसाधन स्रोत तैयारी गर्दै दक्ष जनशक्ति उत्पादन गर्ने तथा महत्वपूर्ण अभिभारा वहन गर्ने सक्षम एवं स्तरीय राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको स्थापनाको परिकल्पनालाई साकार रुप प्रदान गरिने भएको छ।

७) प्रहरी इकाईहरुका लागि कार्यालय तथा व्यारेक जस्ता आधारभूत भौतिक पूर्वाधारहरुको विकास निर्माणलाई विशेष प्राथमिकता प्रदान गरिएको छ।

८) देशको जनसंख्यामा प्रहरीको समानुपातिक वितरणलाई मध्येनजर राखी आवश्यक मात्रामा प्रहरीको भृजना र स्तरबृद्धि एवं प्रहरी जनशक्तिको थप व्यवस्था योजनाबद्ध रुपमा गरिंदै लगिनेछ। यसमा विशेषतः 'रिजर्व शक्ति' का रुपमा सशस्त्र प्रहरीतर्फ संख्यात्मक विस्तार गरिनेछ।

९) विकेन्द्रीकरण तथा अधिकार प्रत्यायोजनलाई प्रहरी संगठनको प्रशासनिक कार्य प्रणालीको मूल आधार बनाई दर्जा तथा जिम्मेवारीको तहलाई तदनुरुप कार्य सम्पादन गर्न सक्षम बनाई कदाचित हुनसक्ने अनियमितता र स्वेच्छाचारिता उपर नियन्त्रणका लागि एक प्रभावकारी सुपरिवेक्षण अनुगमन प्रणालीको विकास गरिनेछ।

१०) संगठनको बृहत्तर विकासका लागि भावी दिशा तय गर्न आवश्यक पक्षहरुमा नियमित अनुसन्धान र शोधका लागि 'अन्वेषण योजना तथा विकास' लाई विशेष महत्वका साथै सकृय पारिंदै लगिनेछ।

११) प्रहरी कर्मचारीलाई अधिक-से-अधिक विदेशमा तालिम, अनुशिक्षण, सेमिनार गोष्ठीमा सहभागी हुने अवसर प्रदान गरी क्रमशः संगठनभित्र अन्तर्राष्ट्रिय Exposure लाई समेट्ने महत्तम प्रयास रहनेछ।

१२) Performance Based Evaluation को प्रणालीलाई क्रमशः लागू गर्दै प्रत्येक प्रहरी कर्मचारीको वृत्ति विकासलाई पूर्णतया पारदर्शी (Transparent) बनाउँदै लगिनेछ।



## प्रहरी कार्य तर्फ

१) जनताका आधारभूत आवश्यकता 'सुरक्षा' लाई प्रथम प्राथमिकताका साथ समाजमा प्रत्याभूत गराउने क्रममा आवश्यक संशाधन, शक्ति र स्रोत व्यवस्थापन र परिचालन गराउनेतर्फ विशेष जोड दिइएको छ।

२) राष्ट्मा आइपर्ने दैवी प्रकोपका अवस्थाहरुमा जन-धनको सुरक्षा र उद्धार कार्यमा प्रथम प्राथमिकताका साथ प्रहरी परिचालन गरि तदनुरुप आवश्यक साधन स्रोतको आपूर्तिका साथ सेवा विस्तार गरिनेछ।

३) शान्ति सुरक्षाका प्रसङ्गमा उठ्ने सबै विषम कुरा र अवस्थालाई प्रथम प्राथमिकता प्रदान गरी विनाकुनै ढिलाई र मोलमोलाहिजा पूर्णनिष्पक्षताका साथ नियन्त्रण तथा समाधान गरिनेछ।

४) वर्तमान अवस्थामा माओवादी गतिविधिले राष्ट्रिय सुरक्षामा पैदा गरेको प्रथम दर्जाको संकटलाई मनन गरी त्यस गतिविधिलाई रोक्न र उक्त समस्याको कानून कार्यान्वयन पक्षीय समाधानका लागि एक विशेष कार्यनीति र योजना तर्जुमा गरिसकी समस्याबाट प्रभावित क्षेत्रहरुमा तदनुरुप योजना कार्यान्वयन एवं प्रहरी परिचालन गरिनेछ।

५) त्यस्ता परिचालनमा आवश्यक सञ्चार, असवाव, सवारी साधनहरुको आपूर्ति विशेष प्राथमिकताका साथ व्यवस्थापन गरिनेछ।

६) विशेष प्रकृतिको कार्य सम्पांदन हेतु त्यही अनुरुप प्रशिक्षण प्रदान गरी जनशक्ति तैयार गर्न जोड दिइएको छ।

## अपराध व्यवस्थापन तर्फ

१) अनुसन्धान पक्षलाई प्रहरी कार्यको Core Reflector का रुपमा रहेको तथ्यलाई अङ्गीकार गरी भौतिक सवुद प्रधान वैज्ञानिक अनुसन्धान परिपाटीको विकास गर्नमा पूर्णतया जोड दिइएको छ।

२) सेवा विशिष्टीकरणको साथ अपराधको वर्गीकरण तथा तिनका आधारमा विशेष प्रकृतिका अपराधहरुको अनुसन्धान गर्ने समूहहरुको गठन र कार्य प्रणालीको थालनी गरिएको छ।

३) अनुसन्धानमा Instrumentation पक्षको सुदृढीकरणका लागि एक परिष्कृत केन्द्रीय वैज्ञानिक प्रयोगशालाको स्थापना र विकास गर्नेतर्फ यथोचित प्रयास भएको छ।

४) अपराध अनुसन्धान क्षेत्रमा आवश्यक विविध दक्षतापूर्ण जनशक्ति तैयारीका लागि आवश्यकता आधार (Need Basis) मा विशेष प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिएका छन्।

समाजका असहाय वर्गका रुपमा रहेका महिला तथा बालबालिकाहरुको हकहित संरक्षण सम्बर्द्धनका लागि तिनउपर घटेका अपराध र समस्या निराकरण गर्न महिला सेलहरुको विस्तारका साथै तिनलाई अझ समयसापेक्ष प्रभावकारी बनाउनेतर्फ विशेष प्रयास रहेको छ ।

६) अपराध व्यवस्थापनको अर्को पाटाका रुपमा रहेका अपराध नियन्त्रण पक्षलाई समय सापेक्षित बनाउँदै लैजान नियन्त्रण उपायहरुको पहिचान गरी कार्यक्रम तर्जुमाका साथ जनसहभागिताको पक्षलाई प्राथमिकता दिई एकीकृत अपराध नियन्त्रण कार्यनीतिहरु कार्यान्वयन गर्दै लगिनेछ ।

७) अपराध समाचार संकलन र प्रशोधन प्रणाली (Intelligence System) लाई प्रमुख प्रधानता प्रदान गरी समयसापेक्ष विकास गरिंदै लगिनेछ ।

८) लागूऔषध अपराध नियन्त्रण तथा कानून कार्यान्वयनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिएका छन् जसमा थप सुधार गरि निरन्तरता प्रदान गरिनेछ ।

९) अपराध विश्लेषण कार्यलाई विशेष महत्वका साथ कार्यरुप दिने प्रयास भएको छ । अपराध विश्लेषणका आधारमा अपराध अनुसन्धान तथा नियन्त्रण पक्षलाई निर्दिष्ट गर्ने नीति, कार्ययोजना र कार्यक्रमहरु निर्धारण गरिनेछ ।

## सामूहिक कल्याण तर्फ

१) संगठनका प्रत्येक सदस्य, तिनका आश्रित परिवार तथा पूर्व प्रहरी कर्मचारीहरुको स्वास्थ्य, धनको सुरक्षाका लागि व्यवस्था गरिएको प्रहरी अस्पतालमा विविध स्वास्थ्य सेवामा क्रमशः बृद्धि गरिंदै लगिने छ ।

२) प्रहरी कर्मचारीका सन्ततिहरुलाई गुणस्तरीय शिक्षा प्रबन्ध, न्यून वैतनिक दर्जाका प्रहरी कर्मचारीका सन्ततिहरुलाई निःशुल्क शिक्षा व्यवस्था, छात्रवृत्तिका अवसरमा बृद्धि, प्रहरी परिचालनमा अशक्त भएका तथा वीरगति प्राप्त अमर प्रहरीका सन्ततिलाई विशेष ग्राह्यता साथ उच्च माध्यामिक स्तरसम्मको शिक्षा निःशुल्क प्रदान गरिनेछ ।

३) संगठनका कर्मचारीहरुको सामूहिक स्वार्थका लागि अन्य नयाँ कल्याणकारी योजनाहरुको पहिचान तथा कार्ययोजना तय गरी कार्यान्वयन गरिंदै लगिनेछ, जसबाट मुख्यतः संगठनका बहुसंख्यक न्यून वैतनिक कर्मचारीहरुलाई लाभान्वित गराउने प्रयास रहनेछ ।



४) संगठनको प्रत्येक सदस्यले व्यवसायिकता निर्वाहको क्रममा व्यक्तिगत सुरक्षा (Individual Safety in Profession) लाई प्राथमिकता दिई आफ्नो कर्तव्य निर्वाहको क्रममा हुनसक्ने दुर्घटनालाई मध्येनजर राखी जीवन विमा तथा व्यवसायिक सुरक्षा प्रणालीमा विशेष जोड दिइनेछ ।



५) संगठनमा आफ्नो उत्कृष्ट समय व्यतीत गरिसकेका प्रहरी कर्मचारीहरुले आफ्नो निवर्तमान समयमा स-सम्मान उत्पादनमूलक जीवन यापन गर्नसक्ने अन्य सीपहरु विकासका लागि संगठनबाट विशेष कार्ययोजना अगाडि राखिनेछ ।



# DIRECTION



Nepal Police will adopt the following Policy Guidelines in order to develop and strengthen the working system of the entire police force in an institutionalised manner in accordance with its organisational norms:

1. To make lawful and impartial Police action in order to promote the spirit of rule of law.
2. To guarantee full security of the Sovereign Nepalese people through effective crime control and investigation activities in the society.
3. To prove its professionalism through working superiority and effectiveness.
4. To follow literally the principle of minimum use of force in police action and be vigilant for the protection and promotion of human rights.
5. To develop behavioural prudence showing service motive in the conduct of the police personnel befitting the public aspirations.
6. To make arrangement for maximum mobilisation of existing means and resources in accordance with modern management systems for concrete and efficient results.
7. To enhance people's participation in police activities and to establish the police force as a well organised service.

With a view to strengthening the management of the Police organisation and in the process of fulfilling the responsibilities and ensuring effective police service, the following aspects have been identified and determined as the immediate objectives of Nepal Police:

1. To determine the service delivery standards of quality police service to be provided to the people by the police organisation.
2. To establish an environment which guarantees that a responsible police officer is always available in each field unit for a prompt, adequate and effective police response to all kinds of complaints, applications and information.
3. To evolve victim support system regarding the kind and medium of relief such as psychological or others that could be administered to victims of different crimes, depending on the condition or nature of the victim.
4. To remain fully vigilant against violation of human rights during police investigation, arrest and custody and apply perpetually in practice the Custody Suite Management for protection and promotion of human rights,
5. To lay emphasis on implementing the system of responsibility and accountability in decentralising the operations of the organisation, making even the grassroots level responsible and accountable to their duties.
6. To practice the pro-active policing through maximisation public participation in order to orient the

direction of police operation more towards crime prevention than crime control.

7. The entire police operations will be formally made public. This system will be implemented as every Nepali citizen has the right to be well informed about the police operations and activities.

Nepal Police will adopt the following strategies pertaining to the fundamental aspects of administrative consolidation and organisational development, police operations, crime management and mass welfare to achieve the above goals:

## ORGANISATIONAL DEVELOPMENT

1. Realising the fact that the expected operational efficiency cannot be achieved without specialisation, effort has been made to put the whole operational system on the pedestal of job specialisation.

   Our up-to-date infrastructure in the field of job specialisation have recently been increased by upgrading Operation Department and establishing additonal infrasturcture such as Health Directorate, Technical Directorate, Traffic Directorate and Valley Police Office, etc.

2. A refined working system will be evolved whereby, the most essential aspect of clearly designating job descriptions and specifications will be practiced to make service specialisation more effective.

3. A strategy has been adopted to develop a system of making the concerned staff become fully responsible and accountable in accordance with the nature and level of work, in the process of making the designated officer, level or post carry out the prescribed responsibility.

4. Priority of the long-term strategies and programmes of the police organisation as prescribed by the Police Reforms Recommendation Commission have been fixed and they are being gradually implemented.

5. A system has been started, under which the stated goals will be achieved by defining the long-term and short-term goals, strategies, plans and programs based on the system of Management by Objective.



6. The concept of establishing a capable and standard National Police Academy will be given a concrete shape, with the objective of producing competent; skilled manpower and thus developing human resources.

7. Special priority has been given to the construction and development of basic physical infrastructures such as offices and barracks of police units.

8. In view of the proportionate distribution of police in the country's population, necessary creation of police posts, upgrading and addition of police manpower will be made in a planned manner. Regarding the armed police, their number will be increased, particularly in the form of 'reserve force'

9. An effective supervision and monitoring system will be developed to control possible irregularities by making de-centralisation and power delegation the fundamental basis for the administrative functioning style of the police organisation and making the staff of different levels and posts capable of showing their performance effectiveness accordingly.

10. For maximizing the development of the organisation and determining its future course of action, 'Research ,Planning and Development' will be activated, laying special emphasis on systematic research and studies.

11. Maximum efforts will be made to provide international exposure to the organisation staff by progressively providing them the opportunity to participate in foreign training, seminars, symposium and conferences.

12. The career development of each police employee will be made fully transparent by gradually implementing the system of performance-based evaluation.

## CODE OF CONDUCT OF NEPAL POLICE

It has been our professional belief that the police service may not be considered police service in real sense in the absence of proper response to the grievances and problems of the sovereign Nepali people, prompt necessary action and adequate counselling and direction. In the light of this truth, it has been highly essential for us to establish ourselves as the public service oriented, capable and efficient police in all respects through our conduct and to follow the working style of democratic police in the existing democratic system in the country. Therefore, all the dutiful, competent, capable and public service oriented police personnel who act in consonance with the overall organisational belief of Nepal Police shall pledge to obey the following Code of Conduct:

1. Each police employee shall accept the rule of law guided as he is by the sacred attitude that the police service is fully loyal to the country's Constitution, Acts, Laws and moral philosophy and it is the highly esteemed people's service which is above vested interests.
2. All police employees shall carry out their duty with readiness to work, timeliness, proper respect, regularity and a high degree of discipline.
3. Police employees shall be always sensitive to personal secrecy and self-respect, which are the moral rights of people who happen to be concerned with them.
4. Police employees shall always support and safeguard the helpless, weak and suffering people.
5. Police employees shall not be influenced by anyone and instead of taking sides of any individual, organisation, association, religion or community, they will behave impartially and on equal footing with all.
6. Police employees shall keep themselves absolutely away from social degradations and vices and shall establish themselves in the society as ideal citizens in uniform.
7. Every police employee shall prevent misappropriation, misuse and damage to national wealth and government property, and shall protect them at all costs.

### POLICE OPERATION

1. In the course of guaranteeing the establishment of 'security', the people's basic need with first priority in the society, special emphasis has been laid on the proper management and mobilisation of available energy, equipments and resources.
2. Police force will be mobilised during any man-made crisis or natural disasters in the country with first priority for the safetyof life and property. Rescue operations and relief services will be expedited as required along with supply of necessary equipments and resources.
3. All extreme matters and conditions that may arise in the context of law and order situations will be given top priority. Such matters will be controlled and resolved with total impartiality without delay and favouritism.
4. After studying the severest crisis of national security in the present context, created by the Maoist activities, a special strategy and plan will be formulated to prevent such activities and find solutions related with law enforcement. The strategy and plan will then be implemented - Police will be mobilised accordingly in the affected areas.
5. Arrangement for necessary materials such as communication equipments, arms & ammunition and vehicles will be made for such mobilisation with special priority.
6. Emphasis has been given to produce manpower equipped with special training for performing jobs of special nature.

### CRIME MANAGEMENT

1. Realising the fact that investigation aspect is the core reflector of police operations, emphasis has been laid on development of scientific investigation system led by physical evidences.
2. Apart from service specialisation, a beginning has been made for classification of crime and formation of different crime investigation groups to investigate crimes of special nature and to determine the modus operandi.
3. Suitable efforts have been made for the establishment and development of a sophisticated Central Forensic Laboratory for consolidating the instrumentation aspect of investigation.
4. Special training programmes will be conducted for producing various skilled manpower necessary in the field of crime investigation on need basis.
5. Special efforts have been made for the expansion of women's cells to protect the rights and enhance welfare of women and children who are considered to be the weaker section of the society. Efforts have also been made to make these cells more effective.
6. Programmes will be formulated after identifying the crime control

measures and making the crime control aspect more timely since this is another side of the crime management. People's participation aspect will be accorded priority in implementing the integrated crime control strategies.

7. Crime news reporting and intelligence system will be accorded priority and developed to suit the changing times.
8. Special programs have been launched in narcotic drug related crime control and law enforcement areas. Additional improvements will be made and continued.
9. Effort has been made to implement crime analysis with special significance to them. The policies, work plans and programs related to the crime investigation and control will be determined on the basis of crime analysis.

## MASS WELFARE

1. The Police Hospital provides health - care services to each member of the organisation, including former police employees, and their dependent family members. These facilities will be gradually increased.
2. Arrangement has been made for providing quality education to the children of police employees, free education to the children of lower salary level police employees and increased opportunities for scholarships and free education up to the higher secondary level to the children of police employees who have been disabled or have died in the line of duty.
3. Other new welfare plans will be identified for mass welfare of employees of the organisation; work plans will be determined; and they will be continued to be enforced with the objective of providing benefit, particularly to the majority of low-salaried employees.
4. Priority will be given to individual's safety in profession for each member of the organisation. Special emphasis will be given to life insurance and professional safety system, keeping in view the possible accidents that may occur in the course of carrying out their responsibilities.
5. The organisation will introduce special work plans for the development of other skills among the police employees, who have spent their best years in the service of the organisation, so that they can lead a respectable and productive life after their retirement.



# लक्ष्य तथा कार्यक्रमहरू

# AIMS & OBJECTIVES










# कार्य विभाग र सेवा विशिष्टीकरणको प्रयास



प्र.अ.म.नि. प्रदिप शमशेर ज.ब.रा.
A.I.G.P. Pradip Shamsher J.B.R.

मुलुकमा शान्ति सुव्यवस्था, अमनचयन र अपराधरहित समाजको सिर्जना गराउने तथा संविधान प्रदत्त नागरिकका मौलिक हक एवं मानवाधिकार र जीउ धनको संरक्षण गरी लोककल्याणकारी राज्यको स्थापना गराउने जस्ता गहनतम् उद्देश्य लिई स्थापित प्रहरी संगठनको कार्य संपादनमा सरलता एवं शीघ्रता ल्याउन यसलाई विभिन्न विभाग र निर्देशनालय, महाशाखा, शाखा तथा कार्यालयहरुमा विभाजन गरी जिम्मेवारी समेत तोकिएको छ। कुनै पनि मुलुकको प्रहरीको छवि त्यस देशको प्रहरी कार्यमा निर्भर गर्दछ भन्ने तथ्यलाई मध्यनजर राखी २०४९ फाल्गुण महिनादेखि Operational Policing सम्बन्धी कार्य गर्न छुट्टै विभागको गठन गरिएको छ।

प्रहरीसँग विद्यमान तथा प्राप्त हुने स्रोत साधन र जनशक्तिलाई क्रियाशील बनाई त्यसको अधिकतम् परिचालनबाट मुलुकमा शान्ति सुरक्षा एवं अमन चयन कायम गराउने मूल जिम्मेवारी यस विभागलाई दिइएको छ। वर्तमान विज्ञान र प्रविधिको चरम विकास सँग सँगै अपराधीहरुको अपराध गर्ने प्रविधि तथा शान्ति सुरक्षाको स्थिति पनि जटिल हुँदै गइरहेको सन्दर्भमा यस विभागको कार्य प्रकृतिको गहनतालाई मध्यनजर राखी यस कार्यलाई समय सापेक्ष गर्दै लैजाने प्रयास जारी राखिएको छ।

विगत केही वर्षदेखि सुरु भएको राजनैतिक खुल्लापन र बढ्दो जनाकांक्षानुसार जनसम्पर्कमा सौहार्दता र प्रहरी छविमा जन विश्वास जगाउन प्रहरीद्वारा गरिने हरेक काम कारवाही एवं व्यवहार पनि परिवर्तनशील र समसामयिक हुनु जरुरी छ। दिन प्रतिदिन बृद्धि हुँदै गइरहेको प्रहरीको कार्य क्षेत्रले पनि प्रहरी कार्य अझ जटिल बन्दै गइरहेको छ। विगत केही वर्ष यता मुलुकमा सुरु भएको तथाकथित जनयुद्ध जस्ता उग्र हिंसात्मक आतंककारी गतिविधिले झन् मुलुकको शान्ति सुरक्षालाई चुनौती दिइरहेको छ। तसर्थ प्रहरी कारवाही गर्दा मानवाधिकारको समेत ख्याल गरी यसलाई समय सापेक्ष र लोकप्रिय बनाई शान्ति सुरक्षाको स्थितिलाई अझ बढी सुदृढ बनाउन साविकको कार्य विभागको प्रशासनिक एवं संगठनात्मक ढाँचामा हेरफेर तथा परिवर्तन गरिएको छ। कार्य विभागको वर्तमान पुनर्गठन पश्चात् अधिराज्यभर हुने प्रहरी कार्यहरु यसै विभागमार्फत हुने गरेको छ।

विकेन्द्रीकरण सिद्धान्तको अवधारण अनुरुप अधिकार प्रत्यायोजन र कार्य विशिष्टीकरणबाट नै प्रशासन यन्त्रको कार्य सम्पादनमा सरलता एवं शीघ्रता आई लक्षित उद्देश्य प्राप्त गर्न र विभागीय छविलाई लोकप्रिय बनाउन सकिन्छ भन्ने तथ्यलाई मध्यनजर राखी यस कार्य विभागलाई विभिन्न निर्देशनालय, महाशाखा, शाखा र कार्यालयहरुमा विभाजन गरी कार्य विभाजन गरी समूह अनुसार निश्चित सेवा सर्त निर्धारण गरिएको छ। प्रहरी कर्मचारीहरुमा पेशागत ज्ञान र कार्य दक्षता बृद्धि गर्न समसामयिक विषयहरुमा तालिम तथा प्रशिक्षणको व्यवस्थासमेत मिलाइएको छ।




## क) ट्राफिक निर्देशनालय

हाल अधिराज्यभर बढ्दै गइरहेको सवारी साधनको चाप र यसबाट उत्पन्न गतिविधिहरुको गहनतालाई मध्यनजर राखी गत वर्ष मात्र यससम्बन्धी काम गर्न कार्य विभाग अन्तर्गत ट्राफिक निर्देशनालय गठन गरी जिम्मेवारी समेत तोकिएको छ । अधिराज्यभरका ट्राफिक इकाइहरु सम्बन्धी अभिलेख तयार गरी अन्वेषण र अनुसन्धानको आधारमा भावी योजना तर्जुमा गर्ने, ट्राफिक व्यवस्थापनलाई वैज्ञानिकीकरण र व्यवस्थित गर्ने, सवारी तथा सडकसम्बन्धी निकायहरु बीच समन्वय कायम गरी जनचेतना कार्यक्रम सञ्चालन गर्ने, ट्राफिक जनशक्तिलाई समसामयिक र दक्ष बनाउन आवश्यक तालिमको व्यवस्था गर्ने र अधिराज्यका सबै ट्राफिक प्रहरी व्यवस्थापनको रेखदेख तथा नियन्त्रण गर्न यस निर्देशनालयलाई जिम्मेवारी दिइएको छ । विशेष परिस्थिति बाहेक अन्य अवस्थामा सामान्यतया ट्राफिक सेवाबाट अन्य सेवामा सरुवा नगरिने नीति अवलम्बन गरिएको छ ।

## ख) नेपाल प्रहरी विशेष कार्यदल

वर्तमान विश्वमा आतंककारी तथा विध्वंसात्मक गतिविधिहरु बढ्दै गइरहेको सन्दर्भमा विगत केही वर्ष यता नेपालमा पनि त्यस्ता गतिविधिहरु देखा पर्न थालेको र त्यस्ता क्रियाकलापहरु नियन्त्रण गरी त्रासरहित वातावरण कायम राख्न विशेष प्रहरी इकाईको रुपमा नेपाल प्रहरी विशेष कार्यदलको गठन गरिएको हो । यसमा कार्यरत प्रहरी कर्मचारीहरु आधुनिक तालिमबाट प्रशिक्षणयुक्त छन् । कानून हातमा लिई हात हतियारद्वारा निर्दोष व्यक्तिहरुमाथि आक्रमण गर्ने, व्यक्ति अपहरण गर्ने, विमान अपहरण गर्ने जस्ता उग्र आतंकवादी क्रियाकलाप गर्नेहरु माथि आवश्यक कारवाही गर्नु यस कार्यदलको मुख्य काम हो । यसको अलावा यस दलले भइपरि आउने दैवी प्रकोप तथा संकटकालीन अवस्थामा उद्धार कार्यसमेत गर्दै आइरहेको छ ।

## ग) दंगा नियन्त्रण गण

स्थापना कालदेखिनै विभिन्न क्षेत्रीय प्रहरी कार्यालयको मातहत रही कार्य गर्दै आएको दंगा नियन्त्रण गणहरुलाई हालै मात्र कार्य विभागको प्रत्यक्ष मातहतमा राखिएको छ । दंगा नियन्त्रण जस्तो संवेदनशील र जोखिमपूर्ण कार्य अति आलोचनात्मक समेत भएकोले यसलाई व्यवस्थित र सावधानीपूर्वक प्रयोग गर्नु अति जरुरी छ । वर्तमान विश्वमा मानवाधिकारको व्यापक प्रचलन भइरहेको अवस्थामा भइपरी आउने हुलदंगा र अनियन्त्रित भीड नियन्त्रण गर्दा प्रचलित नियम कानुन र मानवाधिकारको समेत ख्याल गर्न अति आवश्यक छ । तसर्थ प्रहरी कारवाही गर्दा न्यूनतम बल प्रयोगको सिद्धान्तलाई अंगीकार गरी प्रहरी कारवाहीलाई आलोचना हुन बाट बचाउनु दंगा नियन्त्रण गणको मुख्य उद्देश्य रहेको छ । कुनै पनि स्थानमा हुने हुल, दंगा, उपद्रव तथा उग्र हिंसात्मक क्रियाकलापलाई नियन्त्रण गर्नु, दैवी तथा प्राकृतिक प्रकोपका बेला यथाशीघ्र उद्धार कार्य गर्नु यस गणको मुख्य कार्य हो । हाल अधिराज्यभर : सुनसरीको पकलीमा, काठमाडौंको महाराजगञ्जमा १-१ वटा सशस्त्र प्रहरी दंगा नियन्त्रण गण तथा नवलपरासीको बर्दघाटमा २ गुल्म दंगा नियन्त्रण सशस्त्र प्रहरी रहेका छन् ।

## घ) त्रिभुवन विमानस्थल सुरक्षा प्रहरी गार्ड

राजधानीमा अवस्थित एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल र नेपालप्रति विदेशी पर्यटकहरुको बढ्दो आकर्षणले विमानस्थलमा बढ्न गएको चापको कारण चुनौतीपूर्ण हुँदै गएको विमानस्थल सुरक्षाको अवस्थालाई भरपर्दो र सुदृढ तुल्याउन यसलाई कार्य विभागको प्रत्यक्ष नियन्त्रणमा राखिएको छ। विमानस्थलमा रहेका विभिन्न उपकरणहरुको सुरक्षा गर्न, अवैध हातहतियार, लागूऔषध तथा अन्य गैर कानुनी बस्तुहरुको निकासी पैठारीमा प्रतिवन्ध गर्न, आगमन तथा प्रस्थान गर्नु हुने अतिविशिष्ट व्यक्तिहरुको आवश्यक सुरक्षा गर्नु यस गार्ड कार्यालयको मुख्य काम हो । विमानस्थलमा कार्यरत प्रहरी कर्मचारीहरुलाई सुरक्षा जाँच गर्न विभिन्न आधुनिक उपकरणहरुको बारेमा प्रशिक्षण दिने व्यवस्था समेत गरिएको छ ।

## ङ) सुरक्षा महाशाखा

विज्ञान र प्रविधिको विकास सँगसँगै अपराध गर्ने प्रविधिहरुको विकास हुँदै आएको र वर्तमान सन्दर्भमा वृद्धि हुँदै गइरहेको आतंककारी गतिविधिहरु एवं बढ्दो राजनैतिक खुल्लापनको कारण सुरक्षा कार्यमा जटिलता आइरहेको छ। स्वदेशी तथा विदेशी विशिष्ट व्यक्तिहरुको भरपर्दो र त्रुटिरहित सुरक्षा पुऱ्याउन अति आवश्यक भएकोले कार्य विभागको प्रत्यक्ष नियन्त्रणमा यस सुरक्षा महाशाखाको गठन गरिएको छ र यस महाशाखामा कार्यरत प्रहरी कर्मचारीहरु आवश्यक प्रशिक्षणले युक्त छन् ।

## च) कार्य महाशाखा

शान्ति सुरक्षा, दैवी तथा प्राकृतिक प्रकोप उद्धार जस्ता Operational Policing कार्यको नीति तथा योजनाको तर्जुमा र कार्यान्वयनको निरन्तर मूल्याङ्कन एवं अनुगमन गर्नु र विद्यमान स्रोत साधन र जनशक्तिको उचित तथा अधिकतम् परिचालन गर्नु यस महाशाखाको कार्य हो । यस अन्तर्गत अपराध नियन्त्रण नीति तथा योजना शाखा, परिचालन कक्ष र जाहेरी शाखा गठन गरी कार्य विभाजनसमेत गरिएको छ ।






• WE LOOK AFTER YOU BETTER • WE LOOK AFTER YOU BETTER • WE LOOK AFTER YOU BETTER • WE LOOK AFTER YOU BETTER

*With seven World Heritage sites in Kathmandu at our doorstep and a heritage of hospitality inside*







*To us a heritage of hospitality means*

*428 well-trained staff pampering you day and night withinnate Nepali hospitality.*

*Seven restaurants and bars with prompt and discreet service - four of them on the roof-top where the views vie with the scintilating menus. And a casino where luck begins with champagne and continues with the pleasure of gambling around the clock. The largest rooms, the biggest beds and instant room service.*

*Welcoming you back again and again and again.*

*Come to the Everest. We look after you better.*

**The Everest Hotel**

New Baneswor, P.O.Box 659, Kathmandu, Nepal. Tel: 220567. Tlx: 2546 EVEREST NP. Fax: 977-1-226088

Reservations: BOMBAY: 91-22-2011742 CALCUTTA: 91-33-2407808 DELHI: 91-11-6439458 or UTELL INTERNATIONAL Worldwide or your travel agent

• WE LOOK AFTER YOU BETTER • WE LOOK AFTER YOU BETTER • WE LOOK AFTER YOU BETTER • WE LOOK AFTER YOU BETTER

WE LOOK AFTER YOU BETTER • WE LOOK AFTER YOU BETTER • WE LOOK AFTER YOU BETTER •

# OPERATION DEPARTMENT

## AN ENDEAVOUR TO QUALITY SERVICE

नेपालको आर्थिक विकासमा पर्यटन व्यवसायले खेल्ने भूमिकालाई मनन गरी यसको विकास एवं प्रवर्द्धनका लागि श्री ५ को सरकारले पर्यटन मन्त्रालय र पर्यटन विभागसमेतको स्थापना गरेको छ । यसका साथै नेपाल भ्रमणमा आएका विदेशी पाहुनाहरूलाई कसैले अनावश्यक रूपमा दुःख हैरानी दिन वा ठग्न नपाओस् भन्नाका लागि विगत केही वर्ष यतादेखि पर्यटक प्रहरीको समेत व्यवस्था गरिएको छ ।

श्री ५ को सरकारले देशको पर्यटन व्यवसायलाई अझ विकास गर्ने उद्देश्यले आगामी वर्ष १९९८ लाई नेपाल भ्रमण वर्षको रूपमा मनाउन विशेष कार्यक्रमसमेतको आयोजना गरेको छ र यस कार्यक्रमलाई सफल बनाई विदेशी पर्यटकहरूलाई नेपाल भ्रमणको लागि आकर्षित गर्न देश विदेशमा प्रचारप्रसारसमेत गरिरहेको छ । नेपाल भ्रमण बर्षलाई सफल बनाउन र विदेशी पर्यटकहरूलाई नेपालप्रति आकर्षित गर्न नेपालस्थित पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण रहेका स्थलहरूमा निर्वाध रूपमा आवागमनको समुचित व्यवस्था गर्नुका साथै मुख्यतः पर्यटकहरूको सुरक्षा व्यवस्थालाई सुदृढ गर्नु जरुरी हुन्छ । हुन त नेपालीहरूको अतिथि प्रेम र यहाँको सुरक्षा व्यवस्थाको पर्यटकहरूबाट प्रशस्तै प्रशंसा भएको छ, तथापि समयसापेक्ष विद्यमान सुरक्षा व्यवस्थालाई अझ प्रभावकारी र सुदृढ बनाउन, यसको क्षेत्र विस्तार र परिमार्जन गर्नु अत्यावश्यक भएको कुरालाई महसुस गरी नेपाल प्रहरीबाट 'अतिथि संरक्षणम् कार्यक्रम' तयार गरी प्रस्तावित गरिएको छ ।

हुन त केही समय अघिदेखि नै काठमाडौं तथा पोखराजस्ता पर्यटक बढी आउने स्थानहरूमा पर्यटकहरूको सुरक्षा व्यवस्था मिलाउन तथा उनीहरूलाई अनावश्यक रूपमा हिंड्न दुःख र हैरानीबाट निश्चिन्त बनाउन श्री ५ को सरकारको निर्णयबमोजिम नेपाल प्रहरीको तर्फबाट घुम्ती पर्यटक प्रहरी कार्यरत रहेका छन् तथापि पर्यटकहरूको संख्यामा भएको वृद्धि, छिटपुट रूपमा पर्यटकविरुद्ध हुने गरेका अपराध गतिविधिसमेतलाई हेर्दा पर्यटकहरू आवतजावत गर्ने मुख्य शहर, ट्रेकिङ रुट तथा पर्वतारोहण रुटसमेतमा पर्याप्त सुरक्षा व्यवस्था मिलाउनुपर्ने समयको माग तथा आवश्यकता महसुस गरिएको छ ।

प्रत्यक्ष वा परोक्ष रूपमा पर्यटकहरूको सुरक्षासँग समेत सरोकार राख्ने विभिन्न अपराध, दुर्व्यवहार, हैरानी इत्यादिलाई प्रहरीहरूबाट निरुत्साहित पार्ने प्रयास निरन्तर रूपमा भए तापनि नेपाल प्रहरीको जिम्मेवारीको क्षेत्र ज्यादै नै ठूलो भएकोले पर्यटकहरूको सुरक्षालाई प्रत्यक्ष रूपमा संलग्न निकायलाई अझ सशक्त पार्दै लैजानु नितान्त जरुरी भएको छ र यसतर्फ श्री ५ को सरकारको समेत सकारात्मक दृष्टिकोण रहने विश्वास गरिएको छ ।



# TOURIST POLICE

His Majesty's Government has established the Ministry of Tourism and Department of Tourism for the development and promotion of tourism trade after studying its role in the economic development of Nepal. Apart from this, arrangement has been made for tourist police since the last few years to make sure that the foreign guests who have come to visit Nepal are not unnecessarily harassed or cheated.

With a view to further developing the tourism trade of the country, His Majesty's Government has organised special programmes to observe the coming year (1998) as 'Visit Nepal Year'. Publicity campaign has been going on in different countries for the success of the programme and attracting more tourists to visit Nepal. In order to make the Visit Nepal Year successful and attract foreign tourists to Nepal, it is essential to make adequate arrangements for




unhindered transportation to the places which are important to the tourist's point of view and mainly to strengthen the security arrangements for tourists. Although tourists have lavishly praised Nepali's love for guests and the security arrangements here, Nepal police has prepared and proposed 'Atithi Samrakshyan Karyakram' (Guests Security Programme) after realising the need for making the existing security arrangements more timely, more refined, more effective and strong and expanding its areas.

As per the decisions of His Majesty's Government, Nepal Police has made arrangement for mobile tourist police in places like Kathmandu and Pokhara, where tourists come in large numbers for the last few years to make security arrangements for tourists and ensure that they could move about without any harassment. However, it has been felt necessary to make timely and sufficient security arrangements in the main cities where tourists visit in large numbers, trekking routes and mountaineering routes, keeping in view the increase in the number of tourists and scattered incidents of crime taking place against tourists.

Although, efforts are continuously being made by Nepal Police to discourage various crimes, misbehaviour, harassment, etc. directly or indirectly related with tourist's security, it has been necessary to strengthen the body that is directly related with the security of tourists because the area of responsibility of Nepal Police is very broad. It is believed that His Majesty's Government will also adopt positive attitude towards this area.

# नेपाल प्रहरीमा सूचना व्यवस्थापन र सञ्चार माध्यम

जटिल प्रहरी दायित्व र त्यसको सफलताको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने नागरिकलाई यसतर्फ आकर्षित गर्न, जनमत तयार गर्न तथा काम कारबाहीको मूल्याङ्कन र समीक्षा नागरिकहरूले गर्न, सरल र सशक्त आधार एवं स्रोत प्रचारप्रसार हुने सूचना हो । सञ्चार माध्यमबाट सही समयमा नै जनमानसमा सूचना पुगेमा एकातिर उनीहरूमा भ्रम रहन गएको छ भने त्यो मेटिन जान्छ भने अर्कोतिर सकारात्मक धारणाको विकासमा मद्दत पुग्छ । नेपाल प्रहरी यस दिशामा सचेष्ट रहेको छ ।

सार्वजनिक महत्त्वका विषयहरूमा सुसूचित हुने अधिकार संविधानले नागरिकलाई प्रदत्त गरेको छ भने अर्कोतिर जनमानसमा दैनिक जीवनमा प्रत्यक्ष सरोकार राख्ने कार्यहरू प्रहरीसँग सम्बन्धित रहेको छ । साथै सञ्चार माध्यमका लागि अति महत्त्वपूर्ण मानिने र प्रमुख स्थान ओगट्ने अनि संवेदनशील र चाखलाग्दा सूचनाको स्रोतमध्ये प्रहरी पनि एक हो । नेपाल प्रहरीले जनआकांक्षा र भावनानुकूल आफ्ना कार्यशैली व्यवहारलाई सेवामुखीतर्फ तिखार्दै आजको प्रजातान्त्रिक खुल्ला वातावरणमा पारदर्शिताको अवधारणालाई अगाडि बढाएको छ र प्रहरी क्रियाकलापहरूका बारे सूचनाहरू यथाशक्य छिटो र निर्वाध रूपले सञ्चार माध्यमसम्म पुगोस् भन्ने उद्देश्यले सूचना व्यवस्थापनको क्रममा छुट्टै इकाइहरूसमेत स्थापना गरेको छ ।

प्रहरी क्रियाकलापहरू विभिन्न सञ्चार माध्यमद्वारा सर्वसाधारणमा केवल जानकारी गराउने मात्रै होइन शान्ति, सुव्यवस्था र सुरक्षा र अपराध नियन्त्रणका विषयमा नागरिकको दायित्वका बारेमा समेत सामग्री प्रवाह गरी जनचेतना जागरण गराउने यसको अर्को महत्त्वपूर्ण पक्ष रहेको छ । नेपाल प्रहरीले सञ्चार व्यवस्थापनअन्तर्गत सूचना प्रवाह व्यवस्थालाई अझ समयानुकूल व्यवस्थित र निश्चित गर्दै लैजाने लक्ष्य राखेको छ ।

सूचना प्रवाहका लागि भएका व्यवस्थाहरू

१. रेडियो नेपालबाट हरेक सोमबार र बिहीबार रेडियो प्रहरी कार्यक्रम प्रसारण ।
२. नेपाल टेलिभिजनबाट पाक्षिक रूपमाबिहीबार 'प्रहरी अनुरोध' टेलिभिजन कार्यक्रमप्रसारण ।
३. प्रहरी प्रधान कार्यालयमा केन्द्रीय प्रहरी कक्षको स्थापना र दैनिक समाचार बुलेटिन वितरण ।
४. क्षेत्रीय स्तरमा क्षेत्रीय समाचार कक्षको स्थापना र दैनिक समाचार बुलेटिन वितरण ।
५. पत्रकार सम्मेलन तथा नियमित पत्रकार भेटघाट कार्यक्रम सञ्चालन ।
६. अधिराज्यका प्रहरी कार्यालयहरूबाट आआफ्नो कार्यक्षेत्रभित्रका क्रियाकलापबारे सूचना प्रवाह ।
७. सम्बन्धित प्रहरी अधिकृतबाट सम्बन्धित विषयका बारेमा सूचना प्रवाह ।



८. प्रहरीद्वारा सञ्चालित कार्यक्रमहरूमा सञ्चार माध्यमहरूलाई आमन्त्रण ।
९. प्रहरी प्रधान कार्यालयमा प्रेस सम्पर्क अधिकृतको व्यवस्था र जुनसुकै बेला पनि सम्पर्क गरी सञ्चार माध्यमले सूचना प्राप्त गर्न सक्ने सुविधा ।

नेपाल प्रहरीबाट सञ्चार माध्यम र सर्वसाधारणलाई प्रहरी गतिविधिबारे जानकारी गराउन भएका उल्लेखनीय सूचना प्रवाह व्यवस्थाको जनस्तरबाट सराहना भएको पाइएको छ ।





रेडियो प्रहरी कार्यक्रम
*Police Radio Program being broadcasted*

# INFORMATION MANAGEMENT AND COMMUNICATION MEDIA IN NEPAL POLICE

Dissemination of information is the simple and powerful basis and source to attract the citizens who can play a crucial role in fulfilling the complicated police responsibility and attaining its success, build public opinion, and enable the citizens to evaluate and review the performance of the police. On the one hand, timely dissemination of information will help remove the misleading views of the people if any and on the other, it will help develop positive attitude. Nepal Police is actively engaged in this direction.

On the one hand, the Constitution has given the citizens the rights to be informed about matters of public importance, while on the other, works which have been directly related with every day life of the people are concerned with police. Moreover, police is one of the sources of sensitive and interesting information which are considered important and occupy an important place in communication media. Nepal Police has been sharpening its operation style and conduct to make them service oriented in conformity with people's aspirations and wishes, promoting the concept of transparency in the democratic and open atmosphere of the present day Nepal. Separate units have also been established in the process of information management to ensure that police activities and information are available to the communication media smoothly and as fast as possible.

The function of information management is not confined to informing the common people about the police activities. One of its main function is to ensure the smooth flow of information on people's responsibility towards law and order, security and crime control and increase public awareness on these aspects. Nepal Police aims to make the flow of information more timely and well managed through its communication management.

Provisions for smooth flow of information:

1. Broadcasting police radio programs through Radio Nepal every Monday and Thursday.
2. Fortnightly television programs of 'Prahari Anurodh' (Police request) through Nepal Television on Thursday.
3. Establishment of central police room at the police headquarters and distribution of daily news bulletin.
4. Establishment of regional news room at the regional level and distribution of daily news bulletin.
5. Press Conference and regular meetings with journalists.
6. Flow of information from police offices all over the country about the activities held within their respective jurisdictions.
7. Flow of information from the concerned police office on concerned matter.
8. Invitation to communication media to the programs conducted by police.
9. Provision of Press Relation Officer at the Police Headquarters. Communication media can contact him any time to collect information.

The remarkable arrangement for information flow made by Nepal Police to inform the communication media and general people about the police activities has been appreciated at the people's level.







# प्रहरी प्रशिक्षण
# Police Training



आत्मरक्षाको लागी अभ्यासरत
Training in Self Defence



प्र.नि.आ.ता. १०८औं टोलीका प्रशिक्षार्थीहरु को फिल्मी कलाकारद्वय सनी रौनियार र निर शाहज्यू सँगको अन्तरक्रिया कार्यक्रम
Interaction programme : Police Inspector Basic Training - 108 batch with movie stars Sunny Rauniyar and Nir Shah.



कुशलता र शारीरिक क्षमताको लागी अभ्यास
Training for Physical endurance and skills.



आफ्नो खाना आफै तयार गर्दै प्रशिक्षार्थीहरु ।
*Cooking - a part of the training.*



दंगा प्रहरी - अभ्यासरत
*Extensive Training in Riot Control*



स्थानिय निकाय निर्वाचन - २०५४ हुन पूर्व केन्द्रबाट खटिई आएका प्रहरी कर्मचारीबाट क्षे.प्र.इ.का. वीरगञ्जको हातामा भएको नारायणी अञ्चलका प्रहरी कर्मचारीहरुलाई अनुशिक्षण कार्यक्रम ।
*Orientation by police officials to police personnel of Narayani zone prior to the local election 1997at Regional Police Office, Birgunj.*

# प्रहरी दिवस
# **Police Day**



*श्री ५ युवराजाधिराज सरकारका जुनाफमा उपहार चढाउनु हुँदै – प्रहरी महानिरीक्षक*
*His Royal Highness the Crown Prince being presented a gift by the Inspector General of Police.*



*श्री ५ युवराजाधिराज सरकार प्रहरी प्रदर्शनी नजर गरिबक्सँदै*
*His Royal Highness the Crown Prince observes with interest various exhibits at the police exhibition.*



*ट्राफिक प्रहरीद्वारा झाँकी प्रदर्शन।*
*Traffic Police Exhibition.*




*सम्माननिय प्रधानमन्त्रीज्युलाई सि.आई.डि. तथा प्रहरी संकल्प बार्षिक प्रकाशन टक्रयाउँन् हुँदै प्रहरी महानिरीक्षक*

*Inspector General of Police presenting a copy of Annual Publication of 'CID' and 'Prahari Sankalp' to honourable Prime Minister.*



*अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण गर्दै -शहिदको परिवार ।*

*A family member offering Prayer for the martyrs.*



*घोडचढी प्रहरी सलामी अर्पण गर्दै ।*

*A Salute from the Mounted Police.*

# ट्राफिक व्यवस्थापन



राष्ट्रको आर्थिक विकास र शहरीकरणको साथसाथै विगत १० बर्ष यता तीव्र गतिमा बृद्धि भएको सवारी साधनहरुको संख्या तथा थप सडकहरुको निर्माणले गर्दा सवारी व्यवस्थापनको क्षेत्रमा नयाँ चुनौतीहरु देखा परेका छन्। विगत केही बर्ष यता ट्राफिक व्यवस्थापनतर्फ देखा परेका समस्याका क्षेत्रहरु मुख्यतः निम्नानुसार छन् :

१) सवारी व्यवस्थापन
२) दुर्घटना नियन्त्रण
३) वायु प्रदुषण नियन्त्रण।

आधुनिक साधन स्रोतको अभाव तथा उपयुक्त सडक र पार्किङ व्यवस्थाको अभावले गर्दा सवारी व्यवस्थापन पक्षमा कठिनाइ भएको छ भने, सवारी साधनको खराब अवस्था, तथा सडकको दुरावस्थाका कारण सवारी दुर्घटना तथा वायु प्रदूषण नियन्त्रण गर्ने कार्य ज्यादै कठिन हुन गएको छ।

प्रहरी प्रधान कार्यालयमा सवारी नियन्त्रण महाशाखा स्थापना भए पश्चात् अधिराज्य भरिको सवारी दुर्घटना तथ्याङ्कलाई विश्लेषण गरी उपरोक्त समस्याहरुको वास्तविक क्षेत्रको पहिचानसमेत भैसकेको छ। तथ्याङ्कको विश्लेषणबाट सवारी दुर्घटनामा सबैभन्दा बढी मृत्यु ४५ प्रतिशत पदयात्रीहरुको हुने गरेको पाइएको छ भने सबैभन्दा बढी मानिस (८० प्रतिशत भन्दा बढी) बस दुर्घटनाबाट मर्ने गरेको पाईएको छ। यसको साथै सबैभन्दा बढी दुर्घटना हुने सवारी साधनमा ट्रक देखिएको छ। यस प्रकारको तथ्याङ्कगत तथ्यबाट ट्राफिक व्यवस्थापन गर्न कुन क्षेत्रबाट प्रयास शुरु गर्ने भन्नेबारे कार्ययोजना तैयार गरी काम गर्न सजिलो भएको छ। सोही तथ्याङ्कको आधारमा उपरोक्त ट्राफिक समस्याहरुको समाधानतर्फ निम्नानुसासका सकारात्मक प्रयासहरुको थालनीसमेत भैसकेको छ।

१) सवारी चालक अनुमति पत्र वितरण प्रणालीमा सबै परिक्षण केन्द्रहरुमा एकरुपता र सुधार।
२) सवारी चालक प्रशिक्षण केन्द्रको स्तर बृद्धि गर्नलाई सेमिनारको आयोजना गर्नुका साथै प्रशिक्षण गर्ने विषयमा पुस्तक वितरण।
३) सडक विभागको सहयोगमा नेपाल अधिराज्यमा प्रयोग गर्ने ट्राफिक चिन्हहरुको विकास तथा प्रचार प्रसार।
४) ट्राफिक विशिष्टीकरण योजना अनुसार नेपाल अधिराज्यभरिको ट्राफिक प्रहरीको पुनर्गठन तथा ट्राफिक संख्यामा थप गरी कार्य सुरु गरिएको।
५) अधिराज्य भरिको ट्राफिक दुर्घटना तथ्याङ्कहरुलाई विश्लेषण गरी बढी दुर्घटना हुने स्थानहरुको प्रहरी ईकाइहरुलाई सजग तथा सक्रिय गरिएको।
६) राजमार्ग गस्ती प्रहरीलाई व्यवस्थित र सक्रिय गरिएको साथै राजमार्गमा हुने दुर्घटना र अपराधको नियन्त्रण गर्नको लागि हरेक क्षेत्रमा १/१ साधन स्रोत सम्पन्न राजमार्ग गस्तीको व्यवस्था समेत गरिएको।




७) राजमार्गमो सडकमा जथाभावी ट्रक, बस, पार्क गर्ने तथा बिग्रेको सवारीसाधन रोक्नाले हुनजाने सवारी दुर्घटना सम्बन्धमा जनचेता बृद्धि गर्नको लागि पृथ्वी राजमार्गमा जनचेता कार्यक्रम सञ्चालन गरिएको।



## वायु प्रदुषण नियन्त्रण : गम्भीर चुनौती

नेपाल प्रहरीलाई सवारी साधनबाट हुने वायु प्रदूषणको नियन्त्रण गर्ने गम्भीर जिम्मेवारी श्री ५ को सरकारबाट सुम्पिए पछि यसको नियन्त्रणतर्फ ट्राफिक प्रहरी भरमग्दुर कोसिसमा लागेको छ । यसको नियन्त्रणमा ट्राफिक प्रहरी दुई प्रकारबाट सक्रिय भएको छ ।

पहिलो: सवारी साधनबाट निस्कने धूवाँको मात्रामा कम गराउने । यसको लागि प्रचार प्रसार,स्थीर वायु परीक्षण, घुम्ती वायु परीक्षण, जरिवाना, कारवाही र प्रदूषण रहित सवारी साधनमात्र चल्न पाउने सडकको निर्धारण ईत्यादि गरिएको छ ।

दोश्रो: यो भन्दा महत्वपूर्ण कदम सवारीको सरदर गतिमा बृद्धि गराउने रहेको छ । कुशल सवारी व्यवस्थापनबाट सवारीको सरदर गतिमा बढोत्तरी गराएर सवारीसाधनलाई कम समय मात्र सडकमा रोकेर राख्ने परिस्थिति श्रृजना गर्न सकेमा प्रदुषण अझ प्रभावकारी हुन्छ । विगत तीन बर्षमा करिब ४५ प्रतिशत सवारी साधनको बृद्धि हुँदा र सडकको विस्तार र विकासमा नगन्य मात्रामा बृद्धि हुँदासमेत ट्राफिक प्रहरीको कुशलताले नै सरदर सवारी गतिमा कमी आउन पाएको छैन ।



*ट्राफिक प्रहरीद्वारा गतिशील प्रदुषण नियन्त्रण ।*
*Mobile pollution control from Traffic Police.*



*सवारी चालकहरुको लागी अनुशिक्षण कार्यक्रम ।*
*Orientation programme for motorist .*

# TRAFFIC MANAGEMENT

New challenges have emerged in the field of Traffic Management because of the steep rise in the number of vehicles and construction of additional roads over the last 10 years along with the country's economic advancement and urbanization. The problem being faced in the process of Traffic Management over the past few years may be summed up as follows :

1) Traffic management
2) Accident control
3) Air pollution control



Difficulty is being faced regarding Traffic management due to lack of modern equipment, suitable roads and parking arrangement on the one hand while on the other hand, bad condition of vehicles and miserable plight of roads have rendered the tasks of controlling vehicle accidents and air pollution difficult.

After the establishment of Traffic Control Division at the Police Headquarters, accident data from all over the country have been analysed and real areas of the above problems have been identified. Analyses of the data have revealed that the highest number of deaths caused by traffic accident is that of pedestrians (45%) while the target number of people (over 80%) dies from bus accident. Moreover, it has been found that Truck is the vehicle which meets with accident more than any other mode of transportation. Thus, the data have made it easy to ascertain the area from which work plans for traffic management should be started. The following positive attempts have already been started on the basis of the above data to resolve the above traffic problems.

1) Uniformity and improvement in vehicle driving licence distribution system in all examination centres.
2) Holding of seminar to increase the quality of vehicle driving training centre and distribution of book on training.
3) Development and publicity of traffic symbols to be used in the kingdom of Nepal with the help of Roads Department.
4) Works have been started after reorganising the traffic police all over the country and adding to the number of traffic in conformity with Traffic Specialisation Plan.
5) After analysing the traffic accident data from all over the country, police units are alerted and activated in more accident-prone areas.
6) Highway patrolling police has been made well organised and active. At the same time, arrangement for one well-equipped highway patrol has also been made in each area to control highway accidents and crimes.
7) A public awareness programme was conducted at Prithvi Highway to enhance public awareness on the accidents that might take place as a result of random parking of truck, bus and out-of-order vehicles on the highway.

### Air pollution control
*A Grave Challenge*

After His Majesty's Government entrusted to the Nepal Police the grave responsibility of controlling air pollution caused by vehicles, the traffic police has been making the utmost endeavour to achieve this goal. It has been active in two different ways:

***First*:** to reduce the level of smoke emission from vehicles. For this, various measures have been taken such as publicity stationary emission test, mobile air test, fire, action and determining the roads where only pollution-free vehicles can ply.




***Second*:** The number of vehicles has increased by 45 percent in the past three years while the expansion and development of roads remained negligible. However, the average pace of vehicles has not declined, thanks to the efficiency of Traffic Police.



*सवारी दुर्घटनामा प्रहरी उद्धार ।*
*Traffic Police engaged in accident relief.*

# प्रहरी इन्जिनीयरहरुः
## भौतिक पूर्वाधारका नक्शा कोर्दै

# ENGINEERS
## Preparing Maps of Physical Infrastructure

भौतिक पूर्वाधारहरुको निर्माणले कुनैपनि संगठनको विकासको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । नेपाल प्रहरीको भौतिक पूर्वाधारको निर्माणमा प्रहरीको इन्जिनीयरिङ्ग समूहको भूमिकाले अझै महत्व राख्दछ । सांगठनिक सुदृढीकरणको. क्रममा इन्जिनीयरिङ्ग समूहलाई समेत समेटेर हालै खडा भएको प्रविधिक निर्देशनालय नेपाल प्रहरीको एउटा प्रमुख अङ्गको रुपमा विकसित हुँदै गएको देखिन्छ ।

पाटी पौवामा कार्यालय राखेर जनमानसमा प्रहरी सेवा पुर्‍याउनुपर्ने दिनहरुको अव करिव करिव अन्त्य भैसकेको छ । तर पनि भौतिक पूर्वाधारको क्षेत्रमा नेपाल प्रहरी पूर्ण रुपमा सक्षम र सवल हुन सकेको छ भन्न सकिदैन । नेपाल प्रहरीको इन्जिनीयरिङ्ग समूह प्रहरी संगठनलाई आधुनिकीकरण गर्नेतर्फ प्राविधिकीय पक्षमा सन्तोषप्रद रुपमा अगाडि बढ्दैछन् ।

प्रहरी कार्यालय तथा व्यारेक भवन निर्माणदेखि प्रहरीद्वारा सञ्चालित विभिन्न कल्याणकारी कार्यक्रम अन्तर्गतका निर्माणमा समेत सक्रिय इन्जिनीयरिङ्ग समूह संगठनको इकाई विस्तार संगै निर्माणको गति बढाउनु पर्ने आवश्यकता र साधन स्रोतमा भएका सीमितताका बीचमा नक्शा कोरिरहेको छन् ।



सुदूर दुर्गम भेगमा प्रहरी भवन ।
Police office building in a remote area.



निर्माणाधिन प्रहरी भवन
Police office building under construction.

Development of physical infrastructures plays a vital role for the development of any organisation. The role of engineering group of police plays in developing the physical infrastructure of Nepal Police has a still greater significance. The Technical Directorate which has been established recently in the process of organisational consolidation by incorporating the engineering group appears to be developing as the main part of Nepal Police.

The days when police provided service from their offices housed in some inns and shelters have almost gone. We cannot say as yet that Nepal Police has been fully capable and strong in terms of physical infrastructures. The engineering group of Nepal Police is moving ahead satisfactorily in technical aspects in an effort to modernise Nepal Police.

The engineering group which is active in construction ranging from police office and barrack building construction to construction under different welfare programs are pre-preparing sketches between the need to accelerate the pace of construction and limitation in resources.

# प्रहरी खेलकूद



प्रहरी महानिरीक्षक विजयी फुटबल खेलाडीहरूलाई स्याबासी दिनुहुँदै ।
Inspector General of Police congratulating the winning football team.




अन्तर्राष्ट्रिय फुटबल म्यानेजरहरुको मिटिङ ।
Meeting of International Football Team Managers in progress.

राष्ट्रियस्तरकै उत्कृष्ट खेलाडीहरूको उत्पादनको दिगो इतिहास बोकेको प्रहरी खेलकूदको सधैं जस्तो २०५३/५४ को एक बर्ष पनि गतिविधिपूर्ण रह्यो । नेपाल प्रहरीले प्रशिक्षण खेलकूद आयोजना र सहभागिताको माध्यमबाट संगठनको खेल पक्षको सशक्ती करणलाई निरन्तरता दिईआएको छ । यसै अवधिमा नेपाल प्रहरीले प्रथम पटक अन्तर्राष्ट्रिय प्रहरी फुटबल प्रतियोगिताको सफलतापूर्ण आयोजना गऱ्यो र प्रतियोगिताको सर्वोत्कृष्टता पनि महेन्द्र पुलिस क्लवले नै प्राप्त गऱ्यो । राष्ट्रिय खेलकूदका अन्य विधामा समेत नेपाल प्रहरीका खेल प्रतिभाहरुको सशक्त र प्रभावकारी सहभागिताले प्रहरी खेलकूदको सफलता सजिलै आंक्न सकिने भएको छ ।





आगामी दिनहरुमा नेपाल प्रहरीको खेलकूदको विकास र विस्तारका लागि खेलाड़ीका व्यवसायिकताको विकास, खेलको स्तरको विकास र व्यवस्थापकीय क्षमतामा अभिबृद्धि जस्ता पक्षहरुको समयस्तरतापूर्ण एकीकृत विकासको अवधारणा अन्तर्गत प्रहरी खेलकूदको विकास केन्द्रित रहने र आम प्रहरी कर्मचारीको तन्दुरुस्ती विकास गर्न प्रहरी खेलकूद कृयाकलापमा पनि ध्यान पुऱ्याईनेछ





# २०५३-०५४ प्रहरी खेलकूदको राष्ट्रिय र अन्तर्राष्ट्रिय उपलब्धि
## ( एक आंकलन )

| | | | |
|---|---|---|---|
| फुटबल | ०५३/१/५-१२ वैशाख | पोखरा | प्रथम |
| फुटबल | २०५२ | पोखरा | द्वितिय |
| भलिबल | ०५४ मार्ग | सोलुखुम्बु | प्रथम |
| करांते | ०५३ पस | पाल्पा | ३ स्वर्ण, १ रजत<br>४ कास्य |
| सिञ्जीन करांते | ०५४ वैशाख | पोखरा | २ रजत, १ कास्य |
| राष्ट्रिय भारत्तोलन | ०५३ माघ | कञ्चनपर | २ कास्य |
| जिम्नाष्टिक | ०५३ माघ | काठमाडौं | ४ स्वर्ण, ५ रजत<br>४ कास्य |
| कबड्डी | ०५३ पौष | कञ्चनपुर | द्वितिय |
| सफ्ट टेनिस | ०५३ मार्ग | विराटनगर | रेगुलर सिङ्गल र<br>रेगुलर डबल द्वितिय |
| सुटिङ | ०५३ माघ | नेपालगञ्ज | १ रजत, १ कास्य |
| एथलेटिक्स | ०५३ पौष | चन्द्रगढी, झापा | १० स्वर्ण, १० रजत,<br>१३ कास्य |
| प्रथम खुल्ला बक्सिङ | ०५३ भाद्र | काठमाडौं | २ स्वर्ण, १ रजत |
| चौथो खुल्ला बक्सिङ | ०५३ कार्तिक | काठमाडौं | ५ स्वर्ण, ४ रजत,<br>२ कास्य |
| राष्ट्रिय बक्सिङ | ०५३ पौष | पोखरा | ५ स्वर्ण, ४ कास्य |
| जुडो | ०५३ भाद्र | काठमाडौं | ९ स्वर्ण, ८ रजत,<br>७ कास्य |
| जुडो | ०५३ फाल्गुण | ललितपुर | ९ स्वर्ण, ३ रजत,<br>१ कास्य |
| अन्तर्राष्ट्रिय फुटबल | १९९६ अक्टोबर | दिल्ली | नेपाल प्रहरीका ४ जना खेलाडीको सहभागिता |
| सातौं एशियाली विश्वकप फुटबल छनौट | १९९६ | बंगलादेश, जापान | ४ जना प्रहरी खेलाडीको सहभागिता |
| १७औं एशियाली क्लब च्याम्पियनशीप फुटबल | १९९७ अगष्ट | माल्दिभ्स | महेन्द्र पुलिस क्लबको सहभागिता |
| एशियन जुनियर एथलेटिक्स | १९९६ अक्टोबर | नयाँ दिल्ली | प्रहरी खेलाडीको सहभागिता |
| आई.ए.ए.एफ. विश्व एथलेटिक्स | १९९७ अगष्ट | ग्रिसको एथेन्स | महिला प्रहरी खेलाडीको सहभागिता |
| ११औं विश्व एथलेटिक्स | १९९७ अगष्ट | इटाली | प्रहरी खेलाडीको सहभागिता |
| अन्तर्राष्ट्रिय जुनियर क्रसकन्ट्री एथलेटिक्स | २०५३ चैत्र | बैंकक | २ प्रहरी खेलाडीको सहभागिता |
| वाइ.एम.सि.ए. कप बक्सिङ | २०५३ चैत्र | नयाँ दिल्ली | ५ जना प्र.ह./ जवानहरुको सहभागिता<br>२ रजत, ३ कास्य |
| आठौं एशियाली सुटिङ | १९९६ मार्च | नयाँ दिल्ली | २ प्र.अ./ प्र.ह. को सहभागिता |
| प्रथम सार्क ह्याण्डबल | १९९६ सेप्टेम्बर | जयपुर, भारत | ५ प्र.अ./ प्र.ह. को सहभागिता |
| अन्तर्राष्ट्रिय जुडो | १९९७ मार्च | ढाका | ७ प्र.अ./प्र.ह./ जवानहरु सहभागि<br>३ स्वर्ण, २ रजत, १ कास्य |
| दक्षिण एशियाली करांते | १९९७ जुलाई | नयाँ दिल्ली | ४ जना प्र.ह./जवानहरु सहभागी<br>टिम इभेन्ट्समा सर्वप्रथम |

# SPORTS



प्रहरी महानिरक्षक बाट उत्कृष्ट खेलाडीलाई दर्ज्यानी चिन्ह प्रदान ।

*A well deserved promotion to the best sportsman.*

Police Sports, which has the lasting history of producing the best sportsman of national level, the year 1996 - 97 also proved to be eventful. Nepal Police has ensured continuity of empowering the sports aspect through training, holding of sports events and participation. In this connection, Nepal Police successfully organised International Football Tournament for the first time and Mahendra Police Club established its supremacy in the game. The success of police sports can be easily measured by the powerful and effective participation by Nepal Police sports talents in different Sports Competitions.



अन्तर्राष्ट्रिय प्रहरी फुटबल प्रतियोगिताका विजयी श्री ५ महेन्द्र पुलिस क्लबका खेलाडीहरूलाई ट्रफी प्रदान गर्नुहुँदै राजसभाका सम्मानिय सभापति

*Rt. Hon. Chairman of the Royal Council presenting trophy to King Mahendra Police Club, the winner of the International Police Football Competetion.*



With the concept of integrated development of aspects such as professionalism development in sportsmen, development of the quality of sports and promotions of management capacity, Nepal Police will focus attention on the development and expansion of sports in the days to come. Attention will also be paid to develop sports activities designed to develop health of the general police employees.







## Achievement Of Police In National and International Sports in 1996-97

| | | | |
|---|---|---|---|
| Football | 2053/1/512 | Pokhara | First |
| Football | 2052 | Pokhar, Nepal | Second |
| Volleyball | 2054 Mansir | Solukhumbu, Nepal | First |
| Karate | 2053 Poush | Palpa, Nepal | 3 Gold, 1 Silver, 4 Bronze |
| Sinjin Karate | 2054 Baisakh | Pokhara, Nepal | 3 Silver, 1 Bronze |
| National Weight Lifting | 2053 Magh | Kanchanpur, Nepal | 2 Bronze |
| Gymnastics | 2053 Magh | Kathmandu, Nepal | 4 Gold, 5 Silver, 4 Bronze |
| Kabaddi | 2053 Poush | Kanchanpur, Nepal | Second |
| Soft Tennis | 2053 Poush | Biratnagar, Nepal | Second in regular single and regular double |
| Shooting | 2053 Magh | Nepalgunj, Nepal | 1 Silver, 1 Bronze |
| Athletics | 2053 Poush | Chandragadhi, Jhapa, Nepal | 10 Gold, 10 Silver, 13 Bronze |
| First Open Boxing | 2053 Bhadra | Kathmandu, Nepal | 2 Gold, 1 Silver |
| Second Open Boxing | 2053 Kartik | Kathmandu, Nepal | 5 Gold, 4 Silver, 2 Bronze |
| National Boxing | 2053 Poush | Pokhara, Nepal | 5 Gold, 4 Bronze |
| Judo | 2053 Bhadra | Kathmandu, Nepal | 9 Gold, 4 Bronze |
| Judo | 2053 Falgun | Lalitpur, Nepal | 9 Gold, 3 Silver, 1 Bronze |
| International Football | October 1996 | New Delhi, India | 4 players participated from Nepal |
| 7th Asian World Cup Football Selection | 1996 | Bangladesh, Japan | Participation of 4 police players |
| 17th Asian Club Championship Football | August 1997 | Maldives | Participation of Mahendra Police Club |
| Asian Junior Athletics | October 1996 | New Delhi | Participation of police player |
| I.A.A.F. World Athletics | August 1997 | Athens, Greece | Participation of female police player |
| 19th World Athletics | August 1997 | Italy | Participation of police player |
| International Junior Cross-Country Athletics | 2053 Chaitra | Bangkok | Participation of 2 police player |
| Y.M.A.C. Cup Boxing | 2053 Chaitra | New Delhi | Participation of 5 police head constable (2 Silver, 3 Bronze) |
| 8th Asian Shooting | March 1996 | New Delhi | Participation of 2 police officer / head constable |
| International Judo | March 1997 | Dhaka | Participation of 7 police officer / constable (3 Gold, 2 Silver, 1 Bronze) |
| South Asian Karate | July 1997 | New Delhi | Participation of 4 police head constable/constable (first in team events) |



श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारबाट
सवारी शाखाको निरीक्षण गरिबक्सदैं । वि.सं.२०३० साल
*Their Majesties the King and the Queen Inspecting Police Transport Department . (1972-73)*



तत्कालिन प्रहरी महानिरीक्षक श्री रोम बहादुर थापा निरीक्षणको सिलसिलामा
क्वाटरगार्डमा सलामी ग्रहण गर्नु हुँदै । वि.स.२०२४
*Ex-IGP Rom Bahadur Thapa accepting the salute of honour at Quarterguard (1966-67)*

# प्रहरी विशेष कार्यदल र यसको उपादेयता



*प्रधान सेनापति प्रहरी विशेष कार्यदल तालिम समापनको अवसरमा ।*
*Commander in Chief at the closing ceremony of Police Special Task Force training.*

राष्ट्रमा शान्ति सुव्यवस्था कायम राख्ने कार्यमा नेपाल प्रहरी सदैव प्रयत्नशील रहँदै आएको छ । संसारका प्रायः सबै देशमा विकासको क्रमसँगै अपराधको स्वरुपमा पनि जटिलता र संवेदनशीलता बढ्दै गएको पाइन्छ । नेपाल पनि यस प्रकारका अपराधबाट बञ्चित रहन सक्दैन अन्य अपराधभन्दा पनि संगठित र व्यवस्थित समूहद्वारा हुने गरेका अपराधले समाजमा जटिल परिस्थितिको सिर्जना गरिदिन्छन् । त्यसमाथि पनि नेपालजस्तो जनकल्याणकारी कानूनी राज्य व्यवस्था भएको स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न देशका लागि आतंकवाद चिन्ताको विषय हुनु स्वाभाविकै हो ।

आतंकवादको सन्दर्भमा कुरा गर्दा नेपालमा पनि विगत २/३ वर्षदेखि यता आएर यस्ता छिटपुट घटना घटेका छन् जसलाई काठमाडौंमा बरामद गरिएका विष्फोटक पदार्थहरू र माओवादमा विश्वास राख्ने समूहहरूबाट देशभरि घटाइएका अमानवीय आतंककारी घटनाहरूले समेत स्पष्ट संकेत गरेका छन् । यस्ता घटनाले प्रहरी संगठनको सुरक्षा व्यवस्थालाई नै चुनौती दिइरहेको तथ्यलाई नकार्न सकिँदैन ।

विषम परिस्थितिहरूमा दक्षतापूर्वक प्रहरी कारबाही सम्पन्न गर्न, संगठनको पुनीत उद्देश्य प्राप्तिको लागि कुशलतापूर्वक कार्यसम्पादन गर्न र सम्भावित आतंकवादी क्रियाकलापहरूको सामना गर्न दक्ष जनशक्तिको आवश्यकतालाई धेरै पहिलेदेखि नै महसुस गरिएको भए तापनि हाल मात्र संगठनको परिकल्पना अनुसारको एउटा छुट्टै 'विशेष प्रहरी इकाइ' को स्थापना हुन सकेको छ । संसारका प्रायः धेरै प्रहरी संगठनमा यस्तो विशेष बलको व्यवस्था धेरै पहिले भएको भए तापनि हाम्रो सन्दर्भमा पूर्ण प्रशिक्षित दक्ष जनशक्तिसहितको एक नयाँ प्रहरी इकाइको स्थापना हुन सक्नु एउटा उपलब्धिको रूपमा लिन सकिन्छ ।

सम्बन्धित विषयमा आवश्यक प्रशिक्षण दिलाई, युद्धविद्यामा दक्ष जनशक्तिसहितको नेपाल प्रहरीमा एक 'विशिष्ट बल' को रूपमा विकास गर्ने लक्ष्यअनुरुप गठित नयाँ प्रहरी इकाइले प्रहरीको पेशागत पक्षमा एक नयाँ आयाम थप भएको छ । अधिराज्यको कुनै पनि स्थानमा तत्काल परिचालित भई विशेष प्रहरी कारबाहीको लागि सदा तयारी अवस्थामा रहने र तोकिएको कार्य सक्षमता एवं कुशलतापूर्वक सम्पादन गर्न सक्षम बनाउन यसका अधिकृत तथा जवानहरूलाई समय समयमा विभिन्न प्रहरी कारबाहीबारे स्वदेश तथा विदेशमा अभ्यास र प्रशिक्षण दिलाउँदै आइएको छ ।

दैनिक शान्तिसुरक्षाको कार्यमा व्यस्त स्थानीय प्रहरी इकाइहरूले सामना गर्नुपर्ने सम्भावित विषम परिस्थितिमा पेशागत विशेषज्ञको रूपमा सहयोगका लागि सदा तत्काल प्रतिक्रिया गर्न सक्ने गरी तयारी अवस्थामा रहेको विशेष कार्यदललाई संगठन र प्रशिक्षणको सन्दर्भमा अझ समय अनुकूल परिमार्जन एवं परिस्कृत गर्दै लैजाने नीतिलाई अवलम्बन गरिएको छ ।



*तालिम अवलोकन गर्दै ।*
*Observing training.*



# SPECIAL TASK FO[illegible]



विस्फोटक पदार्थ तालिमबाट प्राप्त ज्ञान, सीप प्रदर्शन गर्दै ।
*Trainees demonstrating their knowledge and skills about explosives.*



Nepal Police is always making its endeavour to maintain law and order in the country. In most parts of the world, it is found that the complication and sensitivity in the nature of crime are also increasing along with the pace of development. Nepal alone cannot remain aloof from such crimes. Complications are created specially by the crimes committed by organised gangs than any other crime. It is , therefore, natural that terrorism has become a matter of anxiety for a free and sovereign country like Nepal which follows the rule of law and public welfare.

Over the last two or three years some scattered incidents of terrorism have taken place in Nepal. This has been clearly indicated by the explosive seized in Kathmandu and the inhuman and terrorist activities perpetrated all over the country by groups which believe in Maoism. We cannot neglect the fact that such incidents are challenging the very security management of the Police organisation.

A separate special Police unit has been established only recently as envisaged by the police organisation through trained manpower, which was a long felt need to skilfully carry out police action in extreme conditions to efficiently execute its responsibilities and confront the possible terrorist activities. Although arrangement for such special forces has been made long before in most other police organisations of the world, it is a great achievement in our context that a new police unit consisting of fully trained and skilled manpower has been established.

The new police unit established in conformity with the foal of developing Nepal Police as a special force having the manpower equipped with the necessary training and skilled in warfare has added a new dimension to the professional aspect of the police. It will be in a state of permanent readiness for immediate mobilisation at any place of the country for special police operation. The officers and men of the special force are being provided opportunity to participate in exercises and training in and outside the country from time to time about different police operations to make them capable and efficient in handling their responsibilities.

This special task force which is always in a state of readiness to immediately react for extending its cooperation as professional experts in the event of possible extreme situation which the local police units, busy in daily law and order operations, have to face. It will be further refined and advanced through training to suit the changing times.



# हाम्रो लक्ष्य : लागू औषध मुक्त



*प्रहरीद्वारा गाँजाखेती नष्ट गरिँदै ।*
*Police destroying cannabis farm.*



*लागूऔषध दुर्व्यसनीबाट बरामद सामाग्री ।*
*Materials seized from Drug abuser.*



*कलात्मक झ्यालभित्र चरेश बरामद ।*
*Hashish found concealed in artistic window frame.*

अवैध लागूऔषध विश्वको लागि आज साझा चिन्ताको विषय बन्न पुगेको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा लागूऔषध रोक्न सरकार र विभिन्न संघ संस्थाहरु संयुक्त रुपमा क्रियाशील भएका छन् भने अपराधीहरु यो लागूऔषध कारोवारमा अझ संगठित परिष्कृत भएर नयाँनयाँ प्रविधिको प्रयोग गरिरहेको पाइन्छ ।

नेपालको स्थितिमा अवैध लागूऔषध अपराधको रुपमा देखा पर्न थालेपछि त्यसलाई नियन्त्रण गर्न अन्तर्राष्ट्रिय क्षेत्रसंगको सहयोग तथा सम्झौता गरी नियन्त्रणतर्फ कानूनी तथा जनचेतना तर्फका प्रतिबद्ध प्रयासहरु शुरु गरिएका हुन् । सन् १९९१ मा संयुक्त राष्ट्र संघीय लागू औषध नियन्त्रण कार्यक्रमसंग मिलेर नेपालमा लागूऔषध नियन्त्रण तथा कानून कार्यान्वयन इकाई विधिवत रुपमा गठन भयो । नेपाल प्रहरी, महान्याधिवक्ताको कार्यालय, अध्यागमन विभाग र भन्सार विभागका कर्मचारी बीच प्रत्यक्ष समन्वयको साथ काम गर्दा लागू औषध नियन्त्रणका क्षेत्रबाट सकारात्मक परिणाम पाईएको छ। यस अवधिभित्र अवैध लागू पदार्थ रोकथाममा सन्तोषजनक अवस्था देखा परेपनि लागूऔषधको नियन्त्रणको प्रश्न अव अपराधमा मात्र सीमित नभएर राष्ट्रिय प्रतिष्ठाको प्रश्न बन्न पुगकोले 'अवैध लागूऔषध मुक्त क्षेत्र' का रुपमा नपुऱ्याएसम्म हामी अझ सक्रिय र अझ आक्रामक भएर अगाडि बढ्नु जरुरी छ ।

लागूऔषध अपराधकर्मीहरु एकपछि अर्को किसिमको प्रविधि अपनाएर अन्तर्राष्ट्रिय कारोवारको क्रममा नेपाललाई अस्थायी विश्राम स्थल बनाउने र लागूऔषधको सेवनकर्ताहरु वृद्धि भै देशका जनशक्तिहरु दुर्व्यसनी बन्न गएकोतर्फ नियन्त्रण पक्ष निकै गम्भिर हुनुपर्ने अवस्था बोध गरी लागूऔषध नियन्त्रण कानून कार्यान्वयन इकाई चनाखो भएर नियन्त्रणको क्षेत्रमा दृढ संकल्पित छ ।

लागूऔषध नियन्त्रण कानून कार्यान्वयन इकाई ठमेलको स्थापनादेखि हालसम्म १५० वटा लागूऔषधसम्बन्धि पक्राउ कार्य र स्वदेशी तथा विदेशी महिला पुरुष गरी झण्डै हजारका हाराहारीमा अदालती कारवाहीमा परेका छन् । यसमध्ये पछिल्लो र नयाँ प्रविधिको अपराध शैलीमा सिलाईभित्र तह पारेर राखिएको हिरोइन र कलात्मक झ्यालको काठको खण्डभित्र लुकाई निकासी गर्न लागिएको ठूलो परिमाणको चरेशको समेत पत्तो लगाउन इकाई सफल भएको छ ।

# OUR GOAL:
## NARCOTIC DRUG FREE AREA

Illegal narcotic drugs have become the matter of common concern for the whole world today. Government and different organisations/agencies have been jointly working at the international level to control narcotic drugs while the criminals are also becoming more organised and adept in the transactions of narcotic drugs using newer technologies.

In the context of Nepal, committed efforts, directed towards both law enforcemnt and awareness generation, were started for the control of narcotics drug-related crimes when they started to appear in Nepal. It had started in cooperation and agreement with international agency. In 1991, Narcotic Drug Control and Law Enforcement unit was formally set up in Nepal with the cooperation of UN Narcotic Drug Control Programme. Positive results have been found by working through direct coordination among employees of Nepal Police, the Attorney-General's office Immigration Department and Customs Department. Although prevention of narcotic drugs was found satisfactory during this period, the question of narcotic drugs control has not only been limited to crime but also proved to be a prestige issue for Nepal. It is therefore imperative for us to move ahead more actively and aggressively until we achieve our intended goal of making the country a narcotic drug-free zone.

Smugglers of narcotic drugs are following new technologies one after the other making Nepal a temporary transit place in their illegal international trade. The country's manpower is also becoming drug abuser and the number of drug abusers has increased. Therefore, realising this fact, the Narcotic Drug Control Law Enforcement Unit has been more serious and alert and it is committed to control the crime.

Since the establishment of this unit at Thamel, 150 narcotic drug related arrests were made and there were court cases against nearyl one thousand people including Nepalese and foreign men and women. As for the latest method of smuggling uncovered by the unit massive quantity of hashish was found hidden in stitched cloth and also inside the artistic wooden window which was ready for export.



*लागूऔषध लुकाइएको कोट ।*
*Coat used for hiding narcotic drug.*

# प्रहरी परिवार महिला संघ
# Police Family Women's Association

श्री ५ अधिराजकुमारी शोभा शाहीबाट प्रदर्शनी नजर ।

*Exhibition organised by Police Family Women's Association was graced by Her Royal Highness Shobha Shahi.*





प्रहरी परिवार महिला संघका अध्यक्ष निर्मला प्रधान दीपेन्द्र प्रहरी महाविद्यालयका उत्कृष्ट छात्रलाई पदक प्रदान गर्दै ।

*President of Police Family Women's Association Nirmala Pradhan presenting medal to the best student from Dipendra Police School.*

लागूऔषध दुर्व्यसनी सुधार कार्यक्रममा प्रहरी परिवार महिला संघ प्रहरीको साथमा

*Executive members of Police Family Women's Association with senior level police officers at Drug Abuse Rehabilitation Programme*



# अन्तर्राष्ट्रिय शान्तिको लागि नेपाल प्रहरी

शान्ति स्थापनाका अन्तर्राष्ट्रिय मञ्चहरुमा नेपालको सहभागिता र प्रतिबद्धताको प्रखर माध्यमको रुपमा नेपाल प्रहरीको भूमिका विगत ६ बर्षदेखि महत्वपूर्ण रहँदै आएको छ।

संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय समुदायको तत्वावधानमा विश्वका विभिन्न भागहरुमा सञ्चालन भैरहेको शान्ति स्थापना तथा प्रबर्द्धन अभियानहरुमा नेपाल प्रहरीको सहभागिताले अन्तर्राष्ट्रिय शान्ति तथा भातृत्वको नेपाली चाहनालाई प्रतिविम्बित गर्दछ। उच्च स्तरको प्रहरी व्यवसायिकताको आवश्यकता रहने अभियानहरुमा रहेको सहभागिताले नेपाल प्रहरीलाई शान्ति अभियानका अन्य सहभागी राष्ट्रहरुका प्रहरीहरुसंग व्यवसायिक भातृत्वको विकासमा सहयोग पुऱ्याएका छन् भने अन्तर्राष्ट्रिय मञ्चमा मानव अधिकारको संरक्षण र प्रवर्द्धनको जिम्मेवारीले व्यवसायिक र कार्यस्तर अझै उठाउन पनि मद्दत पुऱ्याएको छ।

हाल इराकमा २०, पूर्व यूगोस्लाभिया (स्लोभानिया) मा १९ र पूर्व यूगोस्लाभियाकै वोस्नियामा ८३ जना नेपाल प्रहरीहरु राष्ट्रसंघीय शान्ति मिशनमा कार्यरत छन्। मिशन म्याण्डेटद्वारा प्रदत्त जिम्मेवारी एवं अख्तियारले माग गरेको व्यवसायिक क्षमतालाई परिपूर्ति गर्न सक्ने सक्षम जनशक्तिको सहभागिता एवं राष्ट्रिय दृष्टिकोण तथा क्रियाकलापलाई एक साथ लैजान सकेमा अन्तर्राष्ट्रिय शान्ति प्रयासमा नेपाल प्रहरीको उपस्थितिलाई अझ बढी अर्थपूर्ण बनाउन सकिने भएकोले प्रहरी त्यस दिशामा प्रयत्नशील रहेको छ।



*राष्ट्रसंघिय इराकी मिशनमा जाने नेपाल प्रहरीको समूहलाई विदाई गर्दै प्रहरी महानिरीक्षक।*
*Farewell to the Nepal Police contingent for UN Mission to Iraq.*

| | | |
|---|---|---|
| पूर्व यूगोस्लाभिया (UNPROFOR) | १९९२-१९९५ | २५४ |
| कम्बोडिया (UNTAC) | १९९३-१९९४ | ८६ |
| मोजाम्वी (UNOMOZ) | १९९४ | ५१ |
| हाइटी (UWMIH) | १९९४-१९९५ | ५४ |
| इराक (UNGCI) | १९९५ | २५ |
| पूर्व यूगोस्लाभिइा स्लोभानिया (UNTAES) | १९९६-१९९७ | २० |
| पूर्व यूगोस्लाभिया वोस्निया (UNIPTF) | १९९६-१९९७ | ७५ |
| पूर्व यूगोस्लाभिया वोस्निया (UNIPTF) | १९९६-१९९७ | ६६ |
| इराक (UNGCI) | १९९७ | २० |
| पूर्व यूगोस्लाभिया स्लोभानिया (UNTAES) | १९९७ | २० |
| पूर्व यूगोस्लाभिया वोस्निया (UNIPTF) | १९९७ | ४३ |

# युएनआइपिटिएफ छात्रवृत्ती कोष-२०५३/०५४

मिशनमा कार्यरत प्रहरीहरु अन्तर्राष्ट्रिय परिवेशमा काम गर्दा गर्दै पनि आफ्नो सानो योगदानको स्मारक संगठन भित्र रहोस् भन्ने चाहना राख्छन् र अरुलाई पनि सहयोग-योगदान-कोशेढुङ्गाको बाटोमा डोऱ्याउन चाहन्छन् भन्ने कुराको उदाहरण UNIPTF छात्रवृत्ति कोष हो। वोस्निया हर्जगोभिनाको लागि राष्ट्रसंघीय मिशन अन्तर्गत अन्तर्राष्ट्रिय प्रहरी कार्यदलमा सम्मिलित भएर वोस्नियाको लागि शान्ति सम्झौता 'डेटन एग्रीमेण्ट' को कार्यान्वयन गर्ने जिम्मेवारी लिएर १९९६/९७ को बर्षमा कार्यरत नेपाल प्रहरीको १४१ जना प्रहरी कर्मचारीको योगदानमा स्थापित यस कोषमा ७ लाख ६३ हजार रुपैयाँ जम्मा गरिएको छ। प्रहरी कर्मचारीका सन्ततिहरुको शिक्षाको अवसरलाई अभिबृद्धि गर्ने सतत् प्रयासको प्रतिक यो कोषले सानै रुपमा भएपनि सांगठनिक सद्भावलाई झल्काएको छ।



*राष्ट्रसंघिय शान्ति प्रयासका लागी हातेमाले।*
*Cooperation & Brotherhood for the UN peace mission.*

*अन्तर्राष्ट्रिय शान्ति मिशनमा जानु अघि शुभेच्छा सहितको विदाई।*
*Farewell to the Nepal Police contingents of the UN Peace Mission.*



# NEPAL POLICE FOR INTERNATIONAL PEACE

In the international forum organised to maintain peace, the role of Nepal Police is becoming vital over the past 6 years in terms of participation and strong commitment.

The participation of Nepal Police in the campaign launched to establish and promote peace in different parts of the world under the auspices of United Nations and international community reflects Nepal's desire for international peace and brotherhood. The participation of Nepal Police in campaigns which require high level of professionalism, have enabled them to assist in developing professional brotherhood with the police of other participating countries. The responsibility of protecting and promoting human rights at the international fora has helped enhance the professional and competence levels.

To date, there are 20 Nepal Police employees in Iraq. 19 in former Yugoslavia (Slovania) and 43 in Bosnia of former Yugoslavia working under the UN Peace Mission. If the participation of manpower capable of fulfilling the professional capacity as required by the responsibility and authority entrusted by the mission mandate is ensured keeping in view the national outlook and activities, the presence of Nepal Police in international peace efforts can be made more meaningful. Therefore, Nepal Police is active in this direction.

### UNIPTF Scholarship Fund : 1996

The Police staff working under the mission in the international context wish that a memorial of their small contribution be established within the organisation and also wish to lead others to the road of cooperation-contribution-milestone which is evident from the UNIPTF scholarship. There is a total amount of 763 thousand rupees in this fund established by the 141 employees of Nepal Police who had been dispatched to the international police task force sent for Bosnia Herzegovina under the UN mission by giving them the responsibility of executing the peace agreement called "Daton Agreement" in 1996/97. The fund which is the symbol of constant efforts of promoting the educational opportunity of children of police employees has reflected organisational goodwill, though a small one.

| | | |
|---|---|---|
| Former Yugoslavia (UNPROFOR) | 1992-1995 | 254 |
| Cambodia (UNTAC) | 1993-1994 | 86 |
| Mozambique (UNOMOZ) | 1994 | 51 |
| Haiti (UWMIH) | 1994-1995 | 54 |
| Iraq (UNGCI) | 1995 | 25 |
| Former Yugoslavia Slovania (UNTAES) | 1996-1997 | 20 |
| Former Yugoslavia Bosnia (UNIPTF) | 1996-1997 | 75 |
| Former Yugoslavia Bosnia (UNTAES) | 1996-1997 | 66 |
| Iraq (UNGCI) | 1997 | 20 |
| Former Yugoslavia Slovania (UNTAES) | 1997 | 20 |
| Former Yugoslavia Bosnia (UNIPTF) | 1997 | 43 |



नेपालले राष्ट्रसंघको सदस्यता प्राप्त गरेको बार्षिकोत्सवमा शान्ति पदयात्रा ।
*Peace Walk*



अन्तर्राष्ट्रिय शान्तिका लागी नेपाली महिला प्रहरी कार्यरत
*Women police contingent on work for International Peace.*



बोस्नियामा नेपाल प्रहरी स्थानिय प्रहरीको साथमा
*Nepal police with local police officials in Bosnia.*

# कम्प्युटर प्रणाली
## प्रगति, उपलब्धि र प्राविधिक सबल पक्षहरूको एक झलक

प्रविधिको क्षितिज जति विस्तार हुँदै जान्छ त्यति नै भौगोलिक सिमाना साँघुरिँदै जान्छ। आज हाम्रो विश्वलाई एक परिवारका रुपमा लिइन्छ। डिजिटल प्रविधि भएको दूर सञ्चारको श्रेष्ठताले यति ठूलो फड्को मारेको छ कि आज इन्टरनेट बारे कोही पनि अनभिज्ञ छैन।

नेपाल प्रहरी संगठनमा वर्षौं पहिले देखि कम्प्युटर प्रणाली लागू गरिएको छ। UNIX ORACLE प्रणाली लागू गर्ने पहिलो सरकारी संगठनहरुमध्ये एक हुन पाएकोमा नेपाल प्रहरीलाई गर्व लागेको छ। माथि उल्लेख भएको प्रणाली लागू गर्नुभन्दा पहिले हाम्रो संस्थामा प्राइम मिनी कम्प्युटरहरु प्रयोगमा ल्याइएको थियो। नेपाल प्रहरी संगठनको कम्प्युटर शाखामा यस्तो प्रणाली उपलब्ध भएकोले कम्प्युटरका क्षेत्रमा हामीले विभिन्न क्षेत्रमा ठूलो फाइदा लिन पाएका छौं। हरेक वर्ष निजी क्षेत्रमा आउने नयाँ प्रविधिको समानतामा पुग्न हामीले ठूलो चुनौतीको सामना गर्नुपर्दछ। आफूले प्राप्त गरेको प्राविधिक तालिमलाई आफ्नो योग्यताले भ्याएसम्म कर्तव्यनिष्ठ प्राविधिज्ञहरुलाई आफ्नो निरन्तर प्रयास चालु राख्न संगठनबाट राम्रो नैतिक, प्राविधिक र आर्थिक सहयोग प्रदान गरिएको छ। संगठनबाट यस्तो निरन्तर सहयोग गरिएकोले हामी ढुक्क छौं। हाम्रो संगठनका प्रगतिका लागि हाम्रा भविष्यका सबै परि योजनाहरु चाँडैनै लागू हुनेछन्।

संगठनमा विभिन्न उद्देश्यले विभिन्न प्रणालीहरू लागू गरिएका छन् र प्रत्येक प्रणालीको कुनै न कुनै प्रकारले सहयोग पुऱ्याइरहेको छ। यीमध्ये कुनैले दैनिक प्रहरी कार्यशैलीमा मद्दत पुऱ्याइरहेका छन् भने अरुहरुले व्यवस्थापक र कार्यकारीणिलाई निर्णय गर्नमा सहयोग पुऱ्याइरहेका छन्। यी प्रणालीहरुलाई सघाउ पुऱ्याउन, प्रबर्द्धन गर्न हाम्रो प्राविधिक जनशक्ति सक्षम छ। अन्तमा, हामीलाई विश्वास छ विश्वको बदलिदो प्रविधिको उपयोग गरी हामी हाम्रो प्रणाली विकास र अद्यावधिक गरी हाम्रो संगठनलाई सहयोग पुऱ्याउन सक्षम हुनेछौं।



*प्रहरी प्रधान कार्यालयमा कम्प्युटर कक्ष।*
*Computer Section of Nepal Police Headquarters.*

# COMPUTERIZATION

## A GLIMPSE OF PROGRESS, ACHIEVEMENTS AND TECHNICAL STRENGTHS

The more technology expands its horizon the more it shrinks geographical boundaries. Today our world is viewed as one family. The telecommunications superiority with digital technology has achieved such tremendous leap that no one remains unaware with internet too.

Nepal Police Organization introduced computer technology in its work systems many years back. Nepal Police is proud to be one of the first governmental organizations to have installed UNIX ORACLE systems. Before the above mentioned systems in our organization, we were using prime mini computers. With such systems available at the computer section of Nepal Police Organization, we are having tremendous benefit in various aspects of the computer fields. Each year is a big challenge for us to be competent enough on par with the new technology at the private sectors. There has been a good moral, technical and financial support from the organization to the devoted technocrats who have been putting their endless efforts to the best of their abilities and with technical trainings provided to them. With such continuous support from the organization we are sure that all our future projects will be implemented very soon for the betterment of our organization.

Various systems have been implemented within the organization for various purposes. Each system is helping our organization in a way or another. Some of them are helping for daily policing activities; while others are helping to the manager and executives for their decision making support. Our technical manpower are sound enough to support and enhance those systems. In the longrun we are confident that we will be able to enhance and update our system to support and assist our organization with the best of changing technology of the world.



ट्राफिक प्रहरीमा कम्प्युटरको प्रयोग ।
*Computerisation in Traffic Police Office.*

# सचित्र समाचार

श्री ५ महाराजाधिराजबाट
किङ्स ब्याटन बक्स
*His Majesty the King*
*awarding the King's Baton.*





गृह सचिवबाट अमेरिकी संघिय अनुसन्धान ब्यूरोद्वारा काठमाडौंमा सञ्चालित घटनास्थल व्यवस्थापन एवं विधि विज्ञान गोष्ठीका भारतिय सहभागी प्रहरीहरूलाई प्रमाणपत्र प्रदान।

*The Home Secretary awarding certificates to the Indian participants of the seminar on Initial Scene of Crime Management and Jurisprudence organised in Kathmandu by FBI.*

रत्नचूली हिमालका सफल आरोहीहरूलाई स्वागत।
*Hearty Welcome! A successful ascent of Mt. Ratnachuli.*



# PHOTO FEATURE



इन्टरपोलका महासचिव प्रहरी महानिरीक्षकबाट उपहार ग्रहण गर्नुहुँदै ।
IGP Dhruba Bahadur Pradhan presenting gift to the General Secretary of Interpol.




बेइजिङमा आयोजित 'प्रहरी विशिष्टीकरण 'विषयक अन्तर्राष्ट्रिय कोर्षका सहभागी नेपाली प्रहरी अधिकृतहरु ।
Nepal police officers participated in an International course on Police Specialisation held in Beijing.



प्रहरी महानिरीक्षकबाट बागलुङ जिल्ला प्रहरीको नवनिर्मित भवनको समुद्घाटन ।
Inspector General of Police inaugurating the newly constructed District Police Office building in Baglung.



श्री ५ युवराजाधिराज सरकारबाट केन्द्रिय प्रहरी पुस्तकालय भवनमा स्थित प्रहरी संग्रहालयको निरीक्षण अवलोकन ।
*His Royal Highness the Crown Prince visited the Central Police Library and observed Police Archives*

अन्तर्राष्ट्रिय प्रहरी फुटबल प्रतियोगिताको सहभागी भूटानको प्रहरी टिमका सदस्यहरु शिष्टाचार भेटका अवसरमा ।
*The Members of Bhutan Police Football Team - participants of the International Police Football Tournament are busy in courtesy meeting.*





प्रहरी महानिरीक्षकबाट राजसभा सदस्य पदको शपथ ग्रहण
*IGP taking oath for the membership of Royal Council.*



सामाजिक विकृति नियन्त्रणका लागी अन्तर्राष्ट्रिय समुदायको सहयोग सम्झौतापत्रमा हस्ताक्षर गर्दै प्रहरी महानिरीक्षक एवं युनिसेफका प्रतिनिधी ।
*International cooperation for prevention of social degradation. IGP and the UNICEF Representative signing the agreement papers.*



श्रीलंकाका चार्ज दि अफेयर्स सँग प्रहरी महानिरीक्षको भेटघाट ।
*IGP meets the Charge de' affairs of Sri Lanka.*



बिटिङ रिट्रिट कार्यक्रम: एक झलक
*Beating the Retreat Program.*



श्री ५ युवराजाधिराज एवं राजपरिवारका सदस्य सरकार हरुबाट शुभजन्मोत्सव विविध साँस्कृतिक कार्यक्रम नजर ।
His Royal Highness the Crown Prince and the Royal Family witnessing the cultural program organised on the auspicious birthday .

घटनास्थल विशेषज्ञ तालिम तेस्रो टोलीको प्रहरी महानिरीक्षकबाट समापन कार्यक्रम ।
Closing ceremony program of the Initial Scene of Crime course 3rd batch in the presence of IGP.





अधिराज्यव्यापी वरिष्ठ प्रहरी अधिकृतहरुको चाँदमारी प्रतियोगिता ।
High level police officials competing in the shooting competition.



प्रहरी महानिरीक्षकबाट लागूऔषध नियन्त्रण तालिमका सहभागीलाई प्रमाणपत्र प्रदान ।
IGP presented certificates to the participants of Drug Abuse Prevention Training.



काठमाडौं जि.प्र.का. को महिला सेल
The women cell of Kathmandu District Police Office.



शान्तिको लागि पसिना
Running for peace.



महाराजगञ्ज सामुदायिक प्रहरीको सक्रियतामा आयोजित स्वास्थ्य जनचेतना कार्यक्रममा प्रहरी महानिरीक्षक
IGP attended the Health Awareness Program Organised by Maharajgunj Community Police.

श्री ५ महाराजाधिराज सरकार प्रहरी प्रदर्शनी नजर गरिबक्सँदै ।
His Majesty the King visiting the exhibition organised by Nepal Police.





प्रधान सेनापतिबाट प्रहरी विशेष कार्यदल तालिम समापन समारोहलाई संबोधन ।
Commander in Chief addressing the closing ceremony of Special Police Task Force.




*नेपाल प्रहरी स्मारक गुठी द्वितीय साधारण सभा*
*Second General Meeting of Nepal Police Memorial Trust.*




*दीपेन्द्र प्रहरी उच्च माध्यामिक विद्यालयको*
*१४औं अभिभावक दिवश*
*Annual Parents Day of*
*Dipendra Police Higher Secondary School*




*मानव अधिकारको प्रबर्द्धनका लागी राष्ट्रसंघिय प्रयासमा नेपाल प्रहरीको सहभागिता ।*
*Participation of Nepal Police in the UN Mission for promotion of Human Rights.*

# शुभजन्मोत्सव समारोह



*स्वागतको लागी तयारी*
*A Grand Wel -come*

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको गद्दी आरोहरण रजत महोत्सव वर्ष तथा मौसुफ सरकारको ५२औं शुभजन्मोत्सवको पुनीत अवसरमा नेपाल प्रहरीद्वारा गौरवमय परम्पराअनुरुप असीम आस्था, अगाध श्रद्धा र राजभक्तिका साथ हार्दिक खुसियालीको कलात्मक अभिव्यक्तिस्वरुप २०५३ पुस १५ गते साँझ श्री ५ महेन्द्र पुलिस क्लब भृकुटीमण्डपमा विविध सांस्कृतिक कार्यक्रमको आयोजना गर्‍यो । श्री ५ युवराजाधिराज सरकार सो अवसरमा सवारी होइबक्सेको थियो । सांस्कृतिक कार्यक्रममा राजपरिवारका अन्य सदस्य सरकारहरु पनि सवारी होइबक्सेको थियो ।

राष्ट्रिय एकताका प्रतीक श्री ५ महाराजाधिराज सरकारको दीर्घायु, सुस्वास्थ्य एवं चिर सुशासनको कामना गर्नुहुँदै प्रहरी महानिरीक्षकले त्यस अवसरमा टोष्ट प्रस्ताव गर्नुभयो । सांस्कृतिक कार्यक्रममा श्री ५ महाराजाधिराज सरकारको चिरायुको कामनासहित शुभकामना नृत्य, नेपालको पश्चिम पहाडी भेकमा बसोबास गर्ने सबैजसो जातिहरुको मुटुको ढुकढुकी जत्तिकै प्यारो झामरे वा झ्याउरे नाच, कुनै जाति विशेषको नभई सिंगो नेपालको प्रतिनिधि नृत्यमा गनिने मारुनी, नेपालका मगरहरुबीच ज्यादै प्रचलित र अत्यन्तै मनमोहक कौडा नृत्य, तराई भेगको सम्मोहकपूर्ण भोजपुरी नृत्य, शेर्पा नृत्य, तनहुँ चुँदी-रम्घा क्षेत्रमा बसोबास गर्ने कुमाल जातिमा लोकप्रिय नाच पाङ्दुर नृत्य आदि मुख्य प्रस्तुति थियो । नेपालको कला र संस्कृतिको अद्वितीय विकास एवं भनौं चौतर्फी विकासमा राजसंस्थाको गौरवपूर्ण देन, अनुपम प्रेरणा र संरक्षकत्वको साथै प्रबल र प्रबुद्ध नेतृत्वको भूमिकालाई झल्काउने 'सबैलाई चेतना भया' गीति नाट्यसमेत सो अवसरमा प्रस्तुत गरिएको थियो ।



*श्री ५ युवराजाधिराजका जुनाफमा कार्यक्रम पुस्तिका चढाउँदै ।*



# AUSPICIOUS BIRTHDAY



श्री ५ युवराजाधिराज सरकारका साथमा राजपरिवारका सदस्य सरकारहरु शुभजन्मोत्सव समारोहमा सरिक

*His Royal Highness the Crown Prince and other members of the Royal Family attended the auspicious birthday celebration.*

In accordance with the glorious tradition of Nepal Police and its boundless faith, tremendous respect and loyalty to the Crown, Nepal Police organised a variety cultural programme at Shree Panch Mahendra Police Club on the 30th December 1996 to mark the auspicious Silver Jubilee Celebration of His Majesty King Birendra Bir Bikram Shah Dev's accession to the throne and the 52nd auspicious birthday. His Royal Highness the Crown Prince was also present on the occasion. Other members of the royal family were present at the cultural programme.

On the occasion, the Inspector General of Police proposed a Toast wishing long life, good health and long rule to His Majesty the King who is the symbol of national unity. Wishing long life to His Majesty the King, the cultural programme started with "Shubhakamana" dance at the cultural programme. Other main presentations included "Jhamare" or "Jhyaure" dance which is very dear to the people of western hills, "Maruni" dance which is common to people all over the country, "Kauda" dance which is very alluring and popular among the Magar community, "Bhojpuri" dance of the terai area, "Sherpa" dance and "Pangdur" dance which is very popular among Kumal community residing in Tanahun, Chundi-Ramgha area. Also presented on the occasion was a dance drama entitled "Sabailai Chetana Bhaya" which reflects the glorious contributions, inspiration and patronage of the crown for the all-round development of art and culture of Nepal and the role of strong and wise leadership of the crown.





# बिटिङ्ग रिट्रिट कार्यक्रम २०५३



बिटिङ रिट्रिट २०५३ नजर गरिबक्सन श्री ५ युवराजाधिराज सरकारको प्रहरी प्रतिष्ठान सवारी
*HisRoyal Highness the Crown Prince arrived at the Police Training Centre to grace the Beating the Retreat 2053 program.*

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको शुभजन्मोत्सवको पुनीत अवसरमा नेपाल प्रहरीले गौरवमय परम्परा अनुसार बिटिङ रिट्रिट कार्यक्रमको आयोजना गर्दै आएको छ।

बिटिङ रिट्रिट पौराणिक तथा मध्यकालीन फौजीहरुले सन्ध्याकालीन सूर्यास्तको आराधना गर्न बजाउने रिट्रिट धुनको विकसित रुप हो। नेपाल प्रहरीले श्रद्धेय राजमहिषीको चिरायु, सुस्वास्थ्य र अटल सौभाग्यको कामनासहित मनाउने बृहत् महोत्सव हो, अनि यो प्रहरी व्यावसायिक क्रियाकलापका विविध पक्ष प्रदर्शन गर्ने सुअवसर पनि हो।

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ४८औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा नेपाल प्रहरीले २०५३ कात्तिक २३ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा बिटिङ रिट्रिट कार्यक्रम आयोजना गरी मौसुफ सरकारमा शुभकामना अर्पण गऱ्यो। सो कार्यक्रम नजर गर्न श्री ५ युवराजाधिराज दीपेन्द्र वीरविक्रम शाहदेव सरकार सवारी होइबक्सेको थियो। सो अवसरमा झाँकी प्रदर्शनमा प्रथम हुने पश्चिम क्षेत्रीय प्रहरी टोली तथा बिटिङ रिट्रिटका अन्य १९ जना उत्कृष्ट सहभागी प्रहरी कर्मचारीहरूलाई पुरस्कार प्रदान गरिबक्सेको थियो।

बिटिङ रिट्रिट प्रहरी व्यावसायिक क्रियाकलाप झल्काउने कार्यक्रम मात्र नभएर नेपाली विविध लोकसंस्कृतिलाई जगेर्ना र प्रवर्द्धन गर्ने माध्यम पनि हो। बिटिङ रिट्रिटमा नेपालका पाँचै क्षेत्रका लोकसँस्कृति झल्कने मेलापर्व, गाउँबेँशीका हर्ष, उमंग, परम्परा अभिव्यक्त हुने नृत्यसहितका झाँकी प्रदर्शन गरी लोकसंस्कृतिको सम्मान गर्ने गरिन्छ। बिटिङ रिट्रिट २०५३ मा पूर्व क्षेत्र, मध्य क्षेत्र, पश्चिम क्षेत्र, मध्य पश्चिम क्षेत्र र सुदूर पश्चिम क्षेत्रका प्रहरी टोलीहरूबाट क्रमशः झाँकी नाच, थारु र मयूर नाच, झ्याउरे नाच, टप्पा नाच र छलिया नाच प्रदर्शित गरिएका थिए। सो कार्यक्रममा प्रहरी ब्याण्ड प्रदर्शन, शुभकामना गान, कुकुर प्रदर्शन, जिम्नास्टिक प्रदर्शन, जुडो, कराँते, राइफल, लाठी, प्रहरी टोलीबाट प्रहरी व्यावसायिक क्रियाकलाप एवं आकर्षक मोटर साइकल स्टण्ट र आतिसबाजीसमेत प्रदर्शन गरिएको थियो।





कार्यक्रममा प्रधानमन्त्रीलगायत मन्त्रिगण, संवैधानिक अंगका प्रमुखहरू, श्री ५ को सरकार जंगी तथा निजामतीतर्फका विशिष्ट कर्मचारीहरू, कूटनैतिक नियोगका उच्चपदस्थ कर्मचारीहरू, पत्रकार एवं अन्य आमन्त्रित महानुभावहरूको उपस्थिति रहेको थियो।

# BEATING THE RETREAT



श्री ५ युवराजाधिराज सरकार उत्कृष्ट सहभागी प्रहरी कर्मचारीलाई पुरस्कृत गरिबक्सदै

*His Royal Highness the Crown Prince awarding the excellent participating police officer*

Nepal Police has been presenting the "Beating the Retreat" programme on the auspicious birthday of ***Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah*** in accordance with the organisation's glorious tradition.

Beating the Retreat is the developed tune of retreat of the legendary or medieval army to pray during sun-set. Nepal Police takes this opportunity to celebrate this great festival wishing long life, good health and good luck to ***Her Majesty Queen***. This is also an opportunity for Nepal Police to show various aspects of professional activities.

On the auspicious occasion of the 48th birthday of ***Her Majesty the Queen Aishwarya Rajya Laxmi Devi Shah***, Nepal Police organised the "Beating the Retreat" programme on 8th November 1996at Police Training Academy, Maharajgunj and expressed best wishes to ***Her Majesty the Queen***. ***His Royal Highness Crown Prince Dipendra Bir Bikram Shah Dev*** was also present to witness the programme. ***His Royal Highness*** also distributed prizes to the western regional police team which came out first in pageants show and other 19 best participating police employees.

"Beating the Retreat" is not only a programme to show the professional activities of police but also a medium to preserve and promote a variety of Nepali folk culture. During the programme, pageants are shown along with dances which reflect and respect the fold culture of all the five regions of Nepal which express people's joy, enthusiasm and tradition at fairs, festivals and villages. At the "Beating the Retreat" program, 1996, the police teams of eastern region, central region, western region, mid-western region and far-western region had presented Jhanki dance, Tharu and Mayur dance, Jhyaure dance, Tappa dance and Chhaliya dance respectively. Other highlights of the programme included police band show, "Shubhakamana" song, dog show, gymnastic show, judo, karate, rifle, stick, police professional activities from police teams and attractive motorcycle stunt and fire works.

Also present at the program were the prime minister, ministers, heads of the constitutional bodies, special class employees of both civil and army services of His Majesty's Government, high level employees of diplomatic mission, journalists and other invitees.





# नेपाल प्रहरीको विगत एक वर्ष

## CALENDAR OF EVENTS







## २०५३ (1996-97)

कात्तिक १ - राष्ट्र सेवाको सिलसिलामा कर्तव्यको बलिवेदीमा आफ्नो प्राण उत्सर्ग गर्ने अमर प्रहरी कर्मचारीप्रति श्रद्धा-संस्मना तथा तिनका आश्रित परिवारलाई सहयोग पुऱ्याउने पवित्र उद्देश्यले स्थापित प्रहरी स्मारक गुठीको दोस्रो अधिवेशन आयोजना ।



**October 17** – The second annual meeting of the Police Memorial Trust established with the sacred goal of paying tribute and remembering the immortal police employees who had sacrificed their lives in connection with fulfilling their duty of service to the nation, was held on this day.

कात्तिक १७ - बोस्निया हर्जगोभिनाका लागि राष्ट्रसंघीय अन्तर्राष्ट्रिय कार्यदल (UNIPTF) मा कार्यरत नेपाल प्रहरी कन्टिन्जेण्टको सामूहिक अनुदानमा 'युएनआइपिटिएफ' छात्रवृत्ति कोष १९९६' को स्थापना ।

**November 2** – The " UNIPTF Scholarship Fund 1996 " was instituted with the collective contribution of Nepal Police contingent engaged in the UN International Plice Task Force (UNIPTF) for Bosnia Herzegovina.

कात्तिक १८ - नेपाल प्रहरी तथा जापानको शिन्सु विश्वविद्यालयका पर्वतारोहीहरूले ७ हजार ३५ मिटर अग्लो रत्नचुली हिमालको सफल आरोहण गरी काठमाडौं आगमन । असोज २८ गते सो शिखरको चुचुरोमा पुग्न पर्वतारोहीहरू सफल भएका थिए ।

**November 3** – The mountaineers of Nepal Police and Shinshu University of Japan arrived in Kathmandu after successfully climbing the 7035 meter high Ratnachuli Himal. They had reached the summit on August 28.

कात्तिक २० - टर्कीमा अक्टोबर २३ देखि २९ सम्म आयोजित अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) को ६५औं महासभामा नेपाल प्रहरीको तर्फबाट प्रहरी महानिरीक्षक मोतिलाल बोहोराको नेतृत्वमा ३ सदस्यीय प्रहरी प्रतिनिधिमण्डल सहभागी । प्रहरी महानिरीक्षक, तद्पश्चात् पुर्वी युगोस्लाभियामा संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा कार्यरत नेपाल प्रहरी कन्टिन्जेन्टहरूको निरीक्षण गर्नु भई स्वदेश फिर्ता ।

**November 5** – A 3 member delegation led by Inspector General of Police Motilal Bohara represented Nepal Police at the 65th General Assembly of International Police Organisation (Interpol) from October 23 to October 29 in Turkey.

कात्तिक २३ - श्री ५ बडामहारानी सरकारको ४८औं शुभजन्मोत्सवको उपलक्ष्यमा नेपाल प्रहरीद्वारा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा बिटिङ रिट्रिट कार्यक्रमको आयोजना ।



**November 8** – Nepal Police organised Beating Retreat program at the National Police Training Academy, Maharajgunj on the auspicious occasion of the 48th Birthday of ***Her Majesty the Queen.***

मंसिर ४ - इलाका प्रहरी कार्यालय सबेला, धनुषामा कार्यरत प्र.ना.नि. यमबहादुर के.सी.को शान्तिसुरक्षा कायम राख्ने कार्यमा कार्यरत भैरहेको अवस्थामा असामाजिक व्यक्तिको गोली प्रहारबाट वीरगति ।



**November 19** – Assistant Police Inspector Yam Bahadur K.C. died as he was on his duty of maintaining law and order at Ilaka Police Office, Sabela, Dhanusha after an antisocial person shot him.

मंसिर ९ - श्री ५ युवराजाधिराज सरकार बाट प्रहरी प्रधान कार्यालयको परिसरमा नवनिर्मित केन्द्रीय प्रहरी पुस्तकालय र संग्रहालयको समुद्घाटन ।



**November 24** – ***His Royal Highness the Crown Prince*** inaugurated the newly built Police Library and Museum at the premises of Police Headquarters.

मंसिर १६ - नेपाल प्रहरीमा पहिलो पटक प्रहरी विशेष कार्यदल तालिम' सम्पन्न । २०५३ भदौ २१ गते देखि प्रहरी तालिम महाविद्यालय ककनीमा सञ्चालित सो तालिममा ११५ जना प्रहरी कर्मचारीहरूको सहभागिता ।

**December 1** – "Police Special Task Force Training" organised for the first time by Nepal Police concluded. A total of 115 police employees participated in the training held at the Police Training College, Kakani since Bhadra 21, 2053.

मंसिर २९ - नेपालले संयुक्त राष्ट्रसघको सदस्यता प्राप्त गरेको ४१औं वार्षिक दिवसको अवसरमा नेपाल प्रहरीद्वारा काठमाडौंमा 'शान्ति पदयात्रा' को आयोजना । शान्ति पदयात्रामा जंगी तथा निजामती सेवातर्फका कर्मचारीहरू, विदेशी कुटनैतिक नियोगका पदाधिकारीहरू, गैरसरकारी संस्थाका व्यक्तिहरू, पत्रकार, कलाकारलगायत विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागिता ।




**December 14** – "Shanti Padayatra" (Peace March) was organised by Nepal Police in Kathmandu to make the 41st anniversary of the membership of the United Nations received by Nepal. People of various walks had participated in the Shanti Padayatra including employees from Army and Civil Services, office-bearers of foreign Diplomatic Organisations, journalists and artists.

मंसिर २९ - श्री ५ महाराजाधिराज सरकारको गद्दी आरोहण रजत महोत्सवको उपलक्ष्यमा नेपाल प्रहरीद्वारा आयोजित अन्तर्राष्ट्रिय प्रहरी फुटबल प्रतियोगितामा नेपाल प्रहरी टिम प्रथम । अन्तर्राष्ट्रिय जगतमा राजसंस्थाको गरिमालाई उजागर गर्ने, अन्तर्राष्ट्रिय प्रहरीबीच भाइचारामा अभिवृद्धि गरी अपराध रोकथाम कार्यमा समझदारी कायम गर्ने उद्देश्यले मंसिर २७ गतेदेखि सञ्चालित सो प्रतियोगिता चीन, पाकिस्तान, भारत, भुटान, मलेसिया, श्रीलंका र नेपालका प्रहरी टिमहरूको सहभागिता ।



**December 14** – Nepal Police team won the first position in the International Police Football Tournament organised by Nepal Police to mark the Silver Jubilee Celebrations of ***His Majesty the King***'s accession to the throne. Police teams from China, Pakistan, India, Bhutan, Malaysia, Sri-Lanka and Nepal had taken part in the competition which started from Mangsir 27 with a view to spreading the glory of the crown in the international community and to develop understanding in crime control works by enhancing brotherhood among the international police.

पौष ९ - नेपाल प्रहरीको २० जनाको एक टोली इराकमा राष्ट्रसंघीय मिसन "युनाइटेड नेसन्स गार्ड कन्टिन्जेन्ट इन इराक" का लागि त्यसतर्फ प्रस्थान ।

**December 24** – A team of 20 Nepal Police employees left for Iraq under the United Nations mission entitled " United Nations Guard Contingent in Iraq "

पौष १३ - नेपाल प्रहरीलाई भारतको राष्ट्रिय अपराध अभिलेख विभागबाट आपराधिक खबर संकलन तथा अपराधी पहिचान कार्यमा सघाउ पुऱ्याउने कम्प्युटर सफ्टवयर सहयोगस्वरुप प्राप्त ।

संयुक्त राष्ट्रसंघीय मानवाधिकारसम्बन्धी आयोग युएन सेन्टर फर ह्युमन राइट्सबाट दोस्रो पटक सञ्चालित प्रशिक्षण कार्यक्रममा नेपाल प्रहरीका २५ जना सिनियर प्रहरी अधिकृतहरूलाई 'ह्युमन राइटस् इन ल इन्फोर्समेण्ट' विषयमा प्रशिक्षण प्रदान ।

**December 28** – Nepal Police received computer software from the National Crime Record Department of India in the form of assistance to help collect crime news and identify criminals.

25 sernior police officers of Nepal Police received training on Human Rights in Law Enforcement at the training program organised for the second time by the 'UN Centre for Human Rights'.

पौष १४ - श्री ५ महाराजाधिराज सरकार बाट २०५३ सालको प्रहरी कार्यदक्षता प्रतियोगितामा प्रथम हुने क्षेत्रीय प्रहरी कार्यालय भेरीलाई किङ्स् ब्याटन बक्स ।

**December 29** – ***His Majesty the King*** granted King's Baton to Regional Police Office, Bheri, which had won the first position in Police Work Efficiency of 2053.

पौष १५ - राष्ट्रियता र नेपाली जनताका एकताका प्रतीक श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको ५२औं शुभजन्मोत्सवको उपलक्ष्यमा नेपाल प्रहरीद्वारा श्री ५ महेन्द्र पुलिस क्लबमा आयोजित विविध सांस्कृतिक कार्यक्रम श्री ५ युवराजाधिराज दीपेन्द्र वीरविक्रम शाहदेव सरकारबाट नजर ।



**December 30** – ***His Royal Highness Crown Prince Dipendra Bir Bikram Shah Dev*** graced the Variety Cultural Program organised by Nepal Police at Shree Panch Mahendra Police Club to mark the 52nd auspicious birthday of ***His Majesty King Birendra Bir Bikram Shah Dev***, who is the symbol of nationalism and unity of the Nepali people.

पौष १९ - रामेछाप जिल्लास्थित प्रहरीपोष्ट बेथानमा माओवादीसँग भएका शसस्त्र प्रहरी मुठभेडमा प्रहरी हवल्दार भरत अधिकारी र प्रहरी जवान कुमार राउतको वीरगति। सोही घटनामा प्रहरी जवान मोहनप्रसाद आचार्य र प्रहरी जवान रामशरण कार्की घाइते । भिडन्तमा माओवादीहरूका तर्फबाट ३ जनाको मृत्यु ।



**January 3** – Police Havaldar Bharat Adhikari and policemen Kumar Raut died at the armed police confrontation with Maoists at Police Post, Bethan of Ramechhap district. Policeman Mohan Prasad Acharya and policeman Ram Sharan Karki were wounded in the same incident. Three Maoists died in the clash.

पौष २० - महाराजगञ्जस्थित सामुदायिक प्रहरी सेवा केन्द्रद्वारा स्थानीय जनतालाई परिचालन गरी नि:शुल्क स्वास्थ्य सेवा तथा औषधी वितरण शिविर सञ्चालन ।

**January 4** – A Free Health Service and Medicine Distribution Camp was organised by Community Police Service Centre at Maharajgunj by mobilising the local people.

माघ ५ - नारायणी रङ्गशाला, वीरगञ्जमा सञ्चालन गरिएको २९औं आइजीपी सिल्ड फुटबल प्रतियोगितामा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान टिम प्रथम ।

**January 18** – The National Police Training Academy team won the first position at the 29th IGP Shield Football Tournament held at Narayani stadium, Birgunj.

माघ ५ - राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानद्वारा प्रतिष्ठानको वार्षिकोत्सवको उपलक्ष्यमा खेलकुद, रक्तदान तथा विविध कार्यक्रमको आयोजना ।

**January 18** – Sports, blood donation and a variety program were organised by National Police Training Academy to mark the anniversary of the Academy.

माघ २० - २० जना प्रहरी कर्मचारी सम्मिलित नेपाल प्रहरीको टोली 'युनाइटेड नेसन्स ट्रान्जिसनल अथोरिटी इन इस्टर्न स्लोभानिया' को लागि पूर्वी युगोस्लाभियातर्फ प्रस्थान ।

**February 2** – A team of Nepal Police consisting of 20 employees left for Eastern Yugoslavia to join the "United Nations Transitional Authority in Eastern Slovania (UNTAES).

फाल्गुण ८ - कर्णाली क्षेत्रीय प्रहरी इकाइ कार्यालयको सक्रियतामा जुम्लामा पहिलो पटक प्रहरी अनुरोध जनजागरण कार्यक्रमको शुरुआत। सामाजिक विकृति, कानुनी अज्ञानता, अन्धविश्वास निराकरणका दिशामा अपनाउनुपर्ने उपाय र हुनुपर्ने ज्ञानका बारेमा चेतना जगाउने उद्देश्यले सञ्चालित सो कार्यक्रममा शिक्षक, विद्यार्थी, राजनीतिक कार्यकर्ता तथा सर्वसाधारणसमेतको सहभागिता ।



**February 19** – Police Request People's Awareness Program was started for the first time in Jumla at the active initiative of Karnali Regional Police Unit Office. The program aimed at generating awareness and knowledge on ways of removing social degradation, legal ignorance and superstition. Teachers, students, political workers and common people attended this program.

फाल्गुण १५ - श्री ५ को सरकारको २०५३ माघ १५ गतेको निर्णयानुसार फागुन १५ गतेदेखि श्री अच्युतकृष्ण खरेल प्रहरी महानिरीक्षक पदमा बढुवा। ४ बर्षे सेवाअवधि सफलतापूर्वक पूरा गर्नु भई अवकास प्राप्त गर्नुहुने प्रहरी महानिरीक्षक मोतीलाल बोहोरालाई प्रहरी प्रधान कार्यालयमा आयोजित एक विशेष समारोहमा भावपूर्ण बिदाइ।

**February 26** – In accordance with the decision of His Majesty's Government on Magh 15, Achyut Krishna Kharel was promoted to the post of Inspector General of Police effective from 2053 Flagun 15. Inspector General of Police Moti Lal Bohora who had successfully completed the 4-year term was given an emotional farewell at the Police Headquarters at a special function.

चैत्र ४ - नेपाल-ब्रिटेन सहयोगअन्तर्गत नेपाल पुलिस प्रोजेक्ट तथा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानद्वारा 'फौजदारी न्याय' विषयक तीनदिने कार्यशाला गोष्ठीको आयोजना।

**March 17** – A 3 day workshop seminar on Criminal Justice System was organised by Nepal Police Project and National Police Training Academy under Nepal-Britain cooperation.

चैत्र ८ - राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको गद्दी आरोहण रजत महोत्सवको पुनीत उपलक्ष्यमा श्री ५ युवराजाधिराज दीपेन्द्र वीरविक्रम शाहदेव सरकारका बाहुलीबाट मध्यक्षेत्र प्रहरी कार्यालय भवनको समुद्घाटन।



**March 21** – His Royal Highness Crown Prince Dipendra Bir Bikram Shah Dev inaugurated the Central Regional Police Office building to mark the Silver Jubilee celebration of His Majesty King Birendra Bir Bikram Shah Dev's accession to the throne.

चैत्र ११ - सामाजिक अपराधहरू खासगरी गुण्डागर्दी, लागूऔषधका दुर्व्यसनीलगायत अनियन्त्रित रूपले मदिरा बिक्री वितरण तथा सेवन, वेश्यावृत्ति, पाकेटमार, बालमजदुरजस्ता सामाजिक विसंगतिलाई निरुत्साहित पार्ने उद्देश्यले प्रहरीद्वारा बागलुङमा जनचेतना कार्यक्रमको आयोजना।

**March 24** – A public awareness program was organised by the Police in Baglung aiming to discourage social crimes and degradations, particularly hooliganism, drug abuse, uncontrolled sale, distribution and consumption of alcohol, prostitution, pick-pocketing and child labour.

चैत्र १३ - उपप्रधानमन्त्री तथा गृहमन्त्री श्री बामदेव गौतमद्वारा प्रहरी प्रधान कार्यालयको निरीक्षण एवं नेपाल प्रहरीको व्यवस्थापन एवं कार्यसम्पादन प्रक्रियाबारे जानकारी हासिल।

**March 26** – Deputy Prime Minister and Home Minister Bam Dev Gautam inspected the Police Headquarters and acquired information on the management and performance process of Nepal Police.



चैत्र २१ – श्री ५ को सरकारको मिति २०५३/१२/२१ को निर्णयले प्रहरी अतिरिक्त महानिरीक्षक श्री ध्रुवबहादुर प्रधानको नेपाल प्रहरीको प्रमुख पद प्रहरी महानिरीक्षकमा पदोन्नति ।



**April 3** – Additional Inspector General of Police Dhruba Bahadur Pradhan was promoted to the Chief Police post of Inspector General of Police in conformity with the decision made on 21 Chaitra, 2053 by His Majesty's Government

चैत्र २७ – इन्टरपोलका सदस्य राष्ट्रहरूको भ्रमण गर्ने क्रममा नेपाल आइपुग्नुभएका अन्तर्राष्ट्रिय प्रहरी संगठनका महासचिव रेमोण्ड केण्डलद्वारा प्रहरी प्रधान कार्यालयको पर्यवेक्षण ।



**April 9** – The General Secretary of International Police Organisation (Interpol) Reymond Kandle who had arrived in Nepal as part of visiting the Interpol member countries, visited the Police Headquarters.

चैत्र २८ – प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधानबाट प्रहरी प्रधान कार्यालयमा आयोजित सुशोभन समारोहमा ५३ जना प्रहरी अधिकृत तथा जवानहरू विभिन्न पदकहरूद्वारा शुशोभित ।

**April 10** – Fifty-three police officers and men were decorated with different medals by Inspector General of Police Dhruba Bahadur Pradhan at the institure ceremony organised at the Police Headquarters.

चैत्र २९ – श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकार दशरथ रंगशाला सवारी होइबक्सी मौसुफको गद्दी आरोहण रजत महोत्सवको पुनीत उपलक्ष्यमा मौसुफ सरकारको सम्मानमा नेपाल प्रहरीद्वारा आयोजित रजत महोत्सव सन्ध्या नजर । श्री ५ बडामहारानी सरकार, श्री ५ युवराजाधिराज सरकार तथा राजपरिवारका अन्य सदस्य सरकारहरू पनि सो समारोहमा सवारी ।



**April 11** – ***His Majesty King Birendra Bir Bikram Shah Dev*** Dasharath Stadium and witnessed the Silver Jubilee Evening organised by Nepal Police in honour of ***His Majesty the King*** to mark the Silver Jubilee Celebration of His Majesty's accession to the throne. On the occasion ***Her Majesty the Queen, His Highness Crown Prince and other member of the Royal family*** were alwo present.

# २०५४ (2054 BS)

बैशाख ५ - प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधानसँग उहाँकै कार्यकक्षमा छिमेकी मित्रराष्ट्र भारतका हिमाञ्चलप्रदेश राज्यका प्रहरी महानिरीक्षक के.एन. कपुरद्वारा शिष्टाचार भेट ।

**April 17** – K.N Kapoor, Inspector General of Police from the friendly country India's Himanchal Pradesh state paid a courtesy call on Inspector General of Police Dhruba Bahadur Pradhan at the latter's office.

बैशाख ६ - प्रहरी सेवाबाट उमेरको हदले सेवानिवृत्त हुनुभएका प्र.ना.म.नि. पदमकुमार नेपालीको सम्मानमा बिदाइ कार्यक्रमको आयोजना ।



**April 18** – A farewell programme was organised in honour of Deputy Inspector General of Police Padam Kumar Nepali who had retired from police service on account of age bar.

बैशाख १० - पूर्व क्षेत्रका मेची र कोशीका केही स्थानहरूमा बैशाख १४ गतेसम्म सञ्चालन हुने चेलिबेटी बेचबिखन अपराध नियन्त्रणसम्बन्धी जनचेतना जागरण कार्यक्रमको आरम्भ ।

**April 22** – To generate public awareness on girls trafficking crime control, public awareness programmes were organised at some places of Mechi and Koshi in eastern region until Baishakh 14.

बैशाख १५ - आगामी दिनहरूमा दैवीप्रकोप उद्धार सेवा अझ प्रभावकारी रूपबाट अगाडि बढाउन नेपाल प्रहरीद्वारा काठमाडौंमा सम्बन्धित निकायहरूलाई सहभागी गराई 'मेनेजमेन्ट अफ् डिजाष्टर एण्ड सिभिल इमरजेन्सी' विषयक कार्यशाला गोष्ठीको आयोजना ।

**April 27** – A workshop seminar on "Management of Disaster and Civil Emergency" was organised by Nepal Police in Kathmandu with participants drawn from concerned bodies to make the natural calamities rescue operations more effective in the days ahead.



बैशाख १६ - नेपाल अधिराज्यमा घटेका तथा घट्नसक्ने शान्तिसुरक्षासँग सम्बद्ध विषयमा तत्कालै तदारुकताका साथ प्रहरी सेवा र सहयोग पुऱ्याउने विशेष व्यवस्थाको थालनी । उपत्यकामा यस व्यवस्थाअन्तर्गत काम कारवाहीको अनुगमन गर्न प्रहरी प्रधान कार्यालयमा एक अनुगमन समूहको स्थापना ।

**April 28** – There has been a beginning of special arrangement was made to provide prompt and immediate police service and assistance on incidents related with law and order which have occurred or are likely to occur in the Kingdom of Nepal. Under this arrangement a monitoring group has been established at the police headquarters to monitor such activities being carried out in the valley.

बैशाख २२ - संविधानद्वारा प्रत्याभूत मौलिक अधिकारको संरक्षणका लागि नेपाल प्रहरीले अवलम्बन गरेको नीतिको विषयमा वरिष्ठ प्रहरी अधिकृतहरू र विभिन्न मानवअधिकार संघसंस्थाका महानुभावहरूबीच काठमाडौंमा अन्तरक्रिया कार्यक्रम ।

**May 4** – An interaction was held among seminar police officials and representatives of different human rights organisations in Kathmandu on the policies adopted by Nepal Police for the protection of fundamental rights guaranteed by constitution.

जेष्ठ २ – निर्वाचन सुरक्षाकार्यमा रुकुममा खटिएको प्रहरी टोली एवं अवाञ्छित क्रियाकलापमा संलग्न केही सशस्त्र व्यक्तिहरूबीचको मुठभेडमा प्र.ना.नि. भीमराज नेपाल, प्र.ज. तीलकबहादुर पौडेलको वीरगति । अन्य ३ जना प्रहरी कर्मचारीहरू घाइते ।



**May 15** – Assistant Inspector of Police Bhim Raj Nepal and policeman Tilak Bahadur Poudel died in the clash between the police team assigned to Rukum to provide security in election and some armed people engaged in undesirable activities. Three other police employees were wounded in the incident.

जेष्ठ १४ – बोस्निया हर्जगोभिनामा कार्यरत 'राष्ट्रसंघीय अन्तर्राष्ट्रिय प्रहरी कार्यदल (UNIPTF)' का लागि नेपाल प्रहरीका ४३ जना प्रहरी कर्मचारी सम्मिलित टोली त्यसतर्फ प्रस्थान ।

**May 27** – A team of 43 police employees of Nepal Police left for Bosnia Herzegovina to join the United Nations International Police Task Force (UNIPTF).

जेष्ठ १६ – लागूऔषधसम्बन्धी अपराध नियन्त्रण तथा अनुसन्धानका लागि नेपाल प्रहरीलाई अमेरिकी राजदूतावासबाट केही उपकरणहरू सहयोगस्वरूप प्राप्त ।

**May 29** – Nepal Police received from the Embassy of the United States some equipment for narcotic drug-related crime control and investigation.

आषाढ ३ – प्रहरीद्वारा २ जना विदेशी र १ जना स्वदेशीसहित २ के.जी. २ सय ग्राम खैरो हेरोइन पक्राउ । नेपाल प्रहरीद्वारा दुर्व्यसनी नियन्त्रण तथा सुधार कार्यक्रमअन्तर्गत शिविर स्थापना गरी लागूऔषध दुर्व्यसनीहरूको लागि आवासीय सुधार सेवा सञ्चालन ।



**June 17** – Police arrested two foreign nationals and one Nepali along with 2 KGs and 200 GMs brown heroin. Under the drug abuser control and reforms programme, a camp was established and residential reforms service was provided to drug abusers.

आषाढ ४ – प्रहरी महानिरीक्षकसँग श्रीलंकाका चार्ज दि अफेयर्स महामहिम एन. करुणादास द्वारा शिष्टाचार भेट ।

**June 18** – The Charge d'affaires of Sri Lanka N. Karunadas paid a courtesy call on the Inspector General of Police.

आषाढ १० – प्रहरी ब्याण्ड संगीत स्कूललाई वाद्य सामग्री प्रदान गर्ने काठमाडौं निवासी तुलबहादुर गुरुङलाई नेपाल प्रहरीको तर्फबाट प्रशंसापत्र प्रदान ।



**June 24** – On behalf of Nepal Police, a commendation letter was given to resident of Kathmandu Tul Bahadur Gurung who donated musical instruments to Police Band Music School.

आषाढ १३ – श्री ५ युवराजाधिराज सरकार को २७औं शुभजन्मोत्सव तथा दीपेन्द्र प्रहरी उच्चमाध्यामिक विद्यालय सांगाको १४औं वार्षिकोत्सवको उपलक्ष्यमा विभिन्न कार्यक्रमको आयोजना ।

**June 27** – Various programmes were organised to mark the 27th auspicious birthday of ***His Royal Highness the Crown Prince*** and 14th anniversary of Dipendra Police Higher Secondary School, Sanga.

आषाढ १६ – प्रहरीद्वारा हातहतियार र लागूऔषधसहित ३ जना पक्राउ । पहिलो पटक लागूऔषध कारोबार शृंखलाको रहस्योद्घाटन ।

**June 30** – Police arrested 3 people along with weapons and drugs. For the first time, a chain of drug dealers was exposed.

आषाढ १६ – श्री ५ को सरकारको निर्णयानुसार प्रहरी नायव महानिरीक्षकहरू प्रदीपशम्शेर ज.ब.रा., कृष्णमोहन श्रेष्ठ, रामकाजी बान्तवा र ढालमान थापा राजपत्रांकित विशिष्ट श्रेणीको प्रहरी अतिरिक्त महानिरीक्षकमा बढुवा ।

**June 30** – Deputy Inspector Generals of Police Pradip Shamsher J.B.R., Krishna Mohan Shrestha, Ram Kajee Bantawa and Dhal Man Thapa were promoted to the 'Special Class Additional Inspector Generals of Police' in accordance with the decision of His Majesty's Government.

आषाढ १७ – कार्गो गरी विमानद्वारा जर्मन पठाउनका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको गोदाममा रहेको कलात्मक काठको झ्यालभित्र लुकाइएको २०३ के.जी. चरेशसहित एक व्यक्ति प्रहरीको सक्रियतामा पक्राउ ।

**July 1** – With the active initiative of Police, they arrested a man along with 203 KGs of hashish hidden within the artistic wooden window from the godown of Tribhuwan International Airport customs office. The window was to be sent to Germany by cargo.

आषाढ १८ – संयुक्त राष्ट्रसंघीय मानवाधिकार उच्च आयोगको आयोजनामा प्यालेस्टिनी प्रहरी प्रशिक्षकहरूका लागि प्यालेस्टाइनको गाजामा सञ्चालन हुने मानवाधिकारसम्बन्धी प्रशिक्षण दिन प्रहरी उपरीक्षक आमोदचन्द्र गुरुङ त्यसतर्फ प्रस्थान ।

**Juny 2** – Police Superintendent Amod Chandra Gurung left for Gaza in Palestine to provide training on human rights to the Palestine Police Trainers under the auspices of United Nations High Commission for Human Rights.

आषाढ ३१ – लुम्बिनीमा आषाढ १९ गते राती भएको जापानी भिक्षु युनाताका नावातामेको हत्यामा संलग्न ४ जना पक्राउ । प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधानद्वारा एक पत्रकार सम्मेलनमा घटनाका बारेमा जानकारी प्रदान ।



**July 15** – Police arrested 4 people involved in the murder of the Japanese monk Yunataka Nawatame in Lumbini on the night of Ashadh 19. Inspector General of Police Dhruba Bahadur Pradhan threw light about the incident at a press conference.



श्रावण १५ – सेवा विशिष्टीकरण, जिम्मेवारी र उत्तरदायित्वको समुचित अभ्यास एवं अधिकार प्रत्यायोजनको प्रमुख मान्यतालाई अवलम्बन गर्दै 'प्रहरी सुधार सुझाव आयोग २०५०' ले निर्देश गरेको आधारमा नेपाल प्रहरीको व्यवस्थापकीय तहको ढाँचामा सुधार एवं तदनुरूपको कार्यविभाजन ।

**Jyly 30** – Reforms were made in the framework of the management level of Nepal Police and division of work was made accordingly in pursuance with the fundamental tenets of service specialisation, adequate exercise of responsibility and accountability and delegation of authority as directed by 'Police Reforms Recommendation Commissions 2050'

श्रावण २० – चेलिबेटी बेचविखन र बालयौन शोषणविरुद्ध संयुक्त रूपमा काम गर्न नेपाल प्रहरी र युनिसेफबीच भएको ५ वर्षीय सम्झौतामा नेपाल प्रहरीका तर्फबाट प्रहरी महानिरीक्षक श्री ध्रुबबहादुर प्रधान र युनिसेफका तर्फबाट प्रतिनिधि स्टिवार्ट मेकनावबाट हस्ताक्षर ।

**August 4** – The 5 year agreement reached between Nepal Police and UNICEF to work against girl-trafficking and child sex exploitation was signed by Inspector General of Police Dhruba Bahadur Pradhan on behalf of Nepal Police and UNICEF representative Stewart Mecnav on behalf of UNICEF.

श्रावण २२ – शान्ति स्थापना गर्ने कार्यमा UNTAES अन्तर्गत पूर्वी स्लोभानियामा कार्यरत प्रहरी निरीक्षक मोहनप्रसाद श्रेष्ठ बिरामी भई निधन ।

**August 6** – Police Inspector Mohan Prasad Shrestha fell ill and died while he as working under the United Nations Transitional Authority in Eastern Slovania (UNTAES)

श्रावण ३० – नेपाल पुलिस प्रोजेक्टअन्तर्गत संयुक्त अधिराज्यको सहयोगमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान र लागूऔषध अपराध नियन्त्रण सन्दर्भमा निगरानी तथा सुपरिवेक्षण तालिम सम्पन्न

**August 14** – Monitoring and supervision training on narcotic drug control was conducted by National Police Training Academy with the cooperation of United Kingdom under Nepal Police Project.

श्रावण ३२ – नेपाल कानुन समाजद्वारा काठमाडौंमा आयोजित 'मानवाधिकार विषयमा प्रहरी अधिकृत र कानुन कार्यान्वयन गर्ने अधिकारीहरूबीच २ दिने अन्तरक्रिया' कार्यक्रम सम्पन्न ।

**August 16** – A 2-day interaction on human rights was held between police officers and law implementing officers in Kathmandu. The programme was organised by Nepal Law Society.

श्रावण ३२ – अमेरिकाको फेडरल ब्युरो अफ् इन्भेस्टिगेसन (FBI) र राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको आयोजनामा सञ्चालित घट्नास्थल व्यवस्थापन र विधिविज्ञान आधारभूत गोष्ठी सम्पन्न। गोष्ठीमा श्रीलंकाका २ जना, भारतबाट १ जना र नेपालबाट ३२ जना प्रहरी अधिकृतहरू सहभागी ।



**August 16** – A basic seminar on -the-spot management and jurisprudence was organised jointly by Federal Bureau of Investigation (FBI) of the United States and National Police Training Academy. The seminar was attended by 2 police officers from Sri Lanka, 1 from India and 32 from Nepal.

भाद्र ३ - श्री ५ अधिराजकुमारी शोभा राज्यलक्ष्मी देवी शाहबाट श्री ५ मुमा बडामहारानी सरकारको ७०औं शुभजन्मोत्सव तथा प्रहरी परिवार महिला संघको १३औं वार्षिकोत्सवको अवसरमा 'उत्सव मेला २०५४' को समुद्घाटन ।



**August 19 –** ***Her Royal Highness Princess Shobha Rajya Laxmi Devi Shah*** inaugurated the 'Utsav Mela 2054' on the occasion of the 70th auspicious birthday of ***Her Majesty the Queen Mother*** and the 13th anniversary of Police Family Women's Association.

भाद्र ५ - प्रहरी महानिरीक्षकसँग डेनमार्कका अपराध अनुसन्धान विभागका प्रमुख डेपुटी चीफ अफ पुलिस एलेन फातद्वारा शिष्टाचार भेट । नेपाल प्रहरीमा विधिविज्ञान प्रयोगशालाको विकास विस्तार र त्यसका लागि आवश्यक प्रहरी शक्ति तयार गर्ने क्रममा प्रशिक्षण व्यवस्थाका लागि डेनिस सरकार बाट सहयोग उपलब्ध गराउने विषयमा छलफल र सहमति ।

**August 21** – Deputy Chief of Police Allen Phat, Chief of the Crime Investigation Department of Denmark, paid a courtesy call on the Inspector General of Police on the occaision. Discussion was held between the two sides and agreement was reached under which the Danish Government will provide assistance for the development of jurisprudence laboratory for Nepal Police and training to produce police manpower necessary for this laboratory.

भाद्र ५ - श्री ५ को सरकारबाट मध्यक्षेत्र प्रहरी कार्यालय, काठमाडौंलाई मकवानपुर जिल्लाको हेटौंडामा स्थानान्तरण गर्ने निर्णय ।

**August 21** – His Majesty's Government has decided to shift the Kathmandu-based Central Regional Police Office to Hetauda in Makawanpur district.

भाद्र २१ - उपत्यका स्थित प्रहरी उपरिक्षक देखि माथिका वरिष्ठ प्रहरी अधिकृतहरुको १० कि.मि. दौड प्रतियोगिता सम्पन्न ।



**Septemer 6** – Senior Police of Kathmandu valley (above the Superintendent of Police) participated in a 10 Km. race competetion.

असोज १७ - नेपाल प्रहरी खेलकूद समिति द्वारा सञ्चालित अधिराज्यव्यापी प्रहरी ब्याडमिन्टन, टेबल टेनिस, जुडो, कराँते, चाँदमारी, बुद्धीचाल र स्क्वास प्रतियोगिता सम्पन्न ।



**October 3** – Nation-wide Police Badminton, Table Tennis, Judo,Karate, Shooting, Chess and Squash Competetion completed.

असोज २७ - अन्तर्राष्ट्रिय प्रहरीको साधारण सभामा सहभागी हुन प्रहरी महानिरीक्षक दिल्ली तर्फ प्रस्थान ।



**October 13** – Inspector General of Police left for Delhi to participate in the General Meeting of the International Police.

असोज ३० - प्रहरी दिवस २०५४ को अवसरमा नेपाल प्रहरीले विविध कार्यक्रमहरु आयोजना गरी मनायो । प्रहरी प्रधान कार्यालयमा आयोजित विशेष समारोहमा राजप्रतिनिधि परिषदका अध्यक्ष श्री ५ युवराजाधिराज सरकार सवारी होइबक्सेको थियो ।



**October 16** – Police Day - 2054 was celebrated amidst various programs. The Chairman of the Council for the Royal Representative His Royal Highness the Crown Prince arrived at the function held at the Police Headquarters.






We Offer Heartiest Greetings
And Best Wishes
For Her Majesty's Long Life
And Happiness

**Aashin Publicity Pte. Ltd.**

P.O.Box 11749, Battisputali, Kathmandu, Nepal. Tel./Fax: 977-1-472927

One Source -
for all your **advertising and marketing requirements**

*Offset Printing, Display Systems, Event Marketing, Press Advertisements, Vinyl cut Signages, Graphic Designing, Desk Top Publishing Outdoor Signs, Television Advertisements, Full Product Campaigns*